ehetaudasandesh.com
२५औं वर्ष
हेटौंडा राष्ट्रिय दैनिक
सन्देश
प्रदेश "क" वर्ग
Hetauda Sandesh Daily
वर्षः २५ ॥ अंकः ३१४ ॥ मंगलबार २२ बैशाख २०८३ ॥ चतुर्थी ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Tuesday 5 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

फ्रेन्ड्स क्लब गोल्डकपको सेमिफाइनलमा

सन्देश संवाददाता

हेटौंडा/ललितपुरको फ्रेन्ड्स क्लब मकवानपुरको बागमती गाउँपालिकामा जारी आठौं संस्करणको बागमती गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ । सोमबार सहिद स्मृति रंगशालामा भएको खेलमा फ्रेन्ड्सले काठमाडौंको प्लानिङ ब्वाईज युनाईटेडलाई टाइब्रेकरमा ३-२ गोलले हराउँदै सेमिफाइनलको यात्रा तय गरेको हो ।

निर्धारित समय गोलरहित बराबरी भएपछि खेलको नतिजा टाइब्रेकरबाट लिएको हो । टाइब्रेकरमा प्लानिङका लागि कप्तान फागुराम थारु र शिशिर लेखीको प्रहार गोल भयो भने प्रताप सिं राई, पुजन थापा रनिङमा घिसिङको प्रहार बाहिरियो ।

फेन्ड्सका लागि सुदर्शन श्रेष्ठ, प्रशान्त लक्ष्मी र दिपेश गुरुङले गोल गरे भने कप्तान रुपेश केसी र योगेश गुरुङको प्रहार बाहिरियो । प्लेयर अफ दि म्याच फ्रेन्ड्सका महेन्द्र कार्की घोषित भए । उनले १० हजार रुपैयाँ प्राप्त गरे । फ्रेन्ड्सले अब सेमिफाइनलमा सर्लाहीको बागमती युथसँग खेल्नेछ । प्रतियोगिताको सेमिफाइनल खेल बुधबार र बिहीबार हुनेछ भने फाइनल खेल शनिबार हुनेछ । प्रतियोगिताको विजेताले १० लाख र उपविजेताले ५ लाख पाउने छन् भने सर्वोत्कृष्ट खेलाडीले १ लाख १ हजार रुपैयाँ र विधागत उत्कृष्टहरुले २५-२५ हजार रुपैयाँ प्राप्त गर्नेछन् ।

सम्पत्ति शुद्धीकरण अनुसन्धानको अर्को एक्सन

मुख्यमन्त्रीको घर तथा कार्यालयमा छापा

सन्देश संवाददाता

हेटौंडा/आफु र आफ्नो परिवारका नाममा शेयर र अवैध सम्पति रहेको आशंकामा बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियांको हेटौंडा र काठमाडौंस्थित घर तथा उनी संलग्न रहेको बानियाँ निर्माण सेवाको कार्यालयमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागद्वारा छापामारी गरिएको छ। सोही क्रममा केही महत्वपुर्ण कागजातहरु नियन्त्रणमा लिइएको छ ।

उक्त कार्यप्रति आपत्ति जनाउंदै बानियाले तर अनुसन्धानमा पूर्ण सहयोग गर्ने बताएका छन् । बिभागद्वारा अचानक गरिएको छापामारप्रति असन्तुष्टि जनाउंदै उनले कानुनी तथा संवैधानिक दायराभित्र हुने सबै प्रकारका अनुसन्धानमा आफ्नो पूर्ण समर्थन रहने विचार प्रेस बिज्ञप्तिमार्फत् सार्वजनिक गरेका छन् ।

सोमबार मुख्यमन्त्रि कार्यालयको लेटर प्याडमा जारी प्रेस विज्ञप्तिमा मुख्यमन्त्री बानियांले हेटौंडा र काठमाडौंस्थित आफ्ना घर तथा आफू संलग्न रहेको बानियाँ निर्माण सेवाको कार्यालयमा विभागले छापा मारी कागजात नियन्त्रणमा लिएको घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको उल्लेख गरेका हुन् ।

बानियाले आफू मुख्यमन्त्री बनेपछि सुशासन, पारदर्शिता र भ्रष्टाचार मुक्त प्रदेश निर्माणलाई प्रमुख प्राथमिकतामा राखेर काम गर्दै आएको दाबीसमेत गरेका छन् । उनका अनुसार बागमती प्रदेश सरकारको कार्य सञ्चालनमा अनावश्यक खर्च कटौती, आर्थिक मितव्ययिता तथा आवश्यकता र औचित्यमा आधारित योजना तथा कार्यक्रममार्फत् बजेटमा पारदर्शिता कायम गराउने प्रयास आफुले गरिरहेको बताएका छन् ।

"तीन तहको सरकारमध्ये प्रदेश सरकारको सरकार प्रमुख मुख्यमन्त्री हो । तीन तहको सरकार समन्वय, सहअस्तित्व र सहकार्यका आधारमा चलेको हुन्छ । सङ्घीय सरकारले गर्ने सकारात्मक कार्यमा प्रदेश सरकारको नेतृत्वकर्ताको रूपमा मुख्यमन्त्रीको सधैँ साथ रहन्छ । राज्यको जुनसुकै तहले सुशासनको पक्षमा गर्ने हरेक कार्यमा म सहयोग गर्न तत्पर रहेको स्पष्ट पार्न चाहन्छु ।

इन्द्रबहादुर बानियाँ
मुख्यमन्त्री, बागमती प्रदेश

मुख्यमन्त्री बानियाँले तीन तहका सरकारबीच समन्वय, सहअस्तित्व र सहकार्य अति आवश्यक रहेको उल्लेख गर्दै संघीय सरकारले गर्ने हरेक सकारात्मक काममा बागमती प्रदेश सरकारको सदैव साथ र समर्थन रहने बताउँदै आएका छन् । राज्यका जुनसुकै निकायबाट हुने अनुसन्धानलाई सकारात्मकरुपमा लिएको स्पष्ट पार्दै आवश्यक परे भौतिकरुपमा उपस्थित भएर अनुसन्धानमा सहयोग गर्न तयार रहेकोसमेत उनले स्पष्ट पारेका छन् ।

बानियांद्वारा जारी विज्ञप्तिमा उनले भनेका छन्, आफ्नो जीवनको महत्वपूर्ण ऊर्जाशील समय युवादेखि विद्यार्थी अवस्था हुँदै चालीस वर्ष भन्दा लामो राजनीतिक यात्राका कयौं आरोह अवरोहपश्चात् हाल बागमती प्रदेश सरकारको सरकार प्रमुखको रुपमा जनताको सेवक भइ मुख्यमन्त्रीको पदमा रहेको सम्पूर्ण नागरिकलाई सर्वविदितै छ । राज्यको जुनसुकै तहले सुशासनको पक्षमा गर्ने हरेक कार्यमा म सहयोग गर्न तत्पर रहेको स्पष्ट पार्न चाहन्छु । राजनीतिक र व्यावसायिक जीवनबारे गर्ने छानबिनलाई मैले संधै सकारात्मकरुपमा लिएको छु । तर, उनले राज्यको जुनसुकै निकायले अनुरोध गर्दा आफू भौतिकरुपमै पनि उपस्थित हुने विद्यमान अवस्थामा सोमबार अकस्मात् बिभागद्वारा गरिएको छापामारीप्रति गम्भीर आपत्ति जनाएका हुन् ।

सम्पत्ति शुद्धीकरण विभागले मुख्यमन्त्री बानियाको घर तथा कार्यालयमा छापा मार्नुअघि नै सुरक्षा तयारी थालेको खुलेको छ । विभागले आइतबार नै जिल्ला प्रहरी कार्यालय मकवानपुरसंग आवश्यक सुरक्षा प्रबन्ध मिलाउन आग्रह गरेको स्रोतले जनाएको छ । सोही तयारीअनुसार सोमबार बिहानबाट बानियांका विभिन्न स्थानमा रहेका घर तथा ब्यवसायीक कार्यालयमा एकैपटक छापा मारिएको हो ।

काठमाडौंको नक्साल, सुन्धारा र बबरमहल तथा हेटौंडा-५ पिप्लेस्थित घर र कार्यालयमा विभागको टोली पुगेको प्रहरीले पुष्टि गरेको छ । अवैध सम्पत्ति आर्जन र सम्पत्ति लुकाएको आशंकामा अनुसन्धान सुरु गरिएको विभागले जनाएको छ । हेटौंडा-५ स्थित बिएनएस भवन पिप्लेमा विभागका चार कर्मचारी र तीनजना प्रहरी खटिएका थिए भने सादा पोशाकमा समेत प्रहरी परिचालन गरिएको थियो ।

मुख्यमन्त्री बानियांले सोमबार बिहान करिब ९ बजेपछि मात्र उक्त कारबाहीबारे जानकारी पाएको उनका सहकर्मीले बताए । उनी नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकमा सहभागी भइरहेका बेला आफ्नै घर तथा कार्यालयमा छापा परेको खबर पाएका हुन् ।

नेपाली कांग्रेसका प्रभावशाली नेता तथा पार्टीको बागमती प्रदेश सभापतिसमेत रहेका बानियाँ 'क' वर्गका निर्माण व्यवसायी हुन् । उनको 'बानियां निर्माण सेवा' नामक निर्माण ब्यवसाय कम्पनी सञ्चालनमा छ । तर, उनी निर्माण ब्यवसाय आफ्ना परिवारका सदस्यलाई जिम्मेवारी सुम्पेर हाल पुर्णकालिन राजनीतिमा सक्रिय रहेका छन् । उनले मकवानपुर जिल्लाको पुर्वक्षेत्रदेखि पश्चिमी क्षेत्रसम्म राजनीतिक पहुच बढाउदै बिजयी हुँदै आएका छन् ।

नेपाली कांग्रेस मकवानपुरद्वारा आपत्ति

बानियाँ विरुद्ध प्रतिशोध साँधियो

सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेस मकवानपुरले नेपाली कांग्रेस बागमती प्रदेशका सभापति एवम् मुख्यमन्त्री इन्द्रबहादुर बानियाँमाथि गरिएको पछिल्लो कदमप्रति गम्भीर आपत्ति जनाएको छ ।

जिल्ला कार्यसमिति मकवानपुर द्वारा जारी प्रेस विज्ञप्तिमा राजनीतिक पूर्वाग्रहबाट प्रेरित भई सरकारले सम्पत्ति शुद्धीकरण अनुसन्धानको नाममा अस्वाभाविक तरिकाले कदम चालेको आरोप लगाइएको छ ।

नेपाली कांग्रेस मकवानपुर सभापति बुद्ध लामाद्वारा हस्ताक्षरित विज्ञप्तिमा सामान्य सूचना र संवैधानिक प्रक्रियाको अवलम्बन नगरी गरिएको यस्तो कार्यले लोकतान्त्रिक मूल्य-मान्यतामाथि गम्भीर प्रहार गरेको बिज्ञप्तिमा उल्लेख गरिएको छ । पार्टीले यस घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै निष्पक्षता र पारदर्शिताको सिद्धान्त विपरीत गरिएको कुनै पनि गतिविधि कदापी स्वीकार्य नहुने स्पष्ट पारेको छ ।

नेपाली कांग्रेस मकवानपुरले राजनीतिक जीवनमा लामो समय देखि सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त समाज निर्माणमा प्रतिबद्ध व्यक्तित्वमाथि गरिएको व्यवहारप्रति आपत्ति जनाउंदै अनुसन्धानका नाममा गरिने कुनै पनि कार्य कानुनी प्रक्रिया र मानवीय मर्यादाभित्र र हनुपर्नेमा जोड दिईएको छ ।

कांग्रेस मकवानपुरले राजनीतिक जीवनमा लामो समयदेखि सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त समाज निर्माणमा प्रतिबद्ध व्यक्तित्वमाथि गरिएको व्यवहारप्रति आपत्ति जनाउँदै अनुसन्धानका नाममा गरिने कुनै पनि कार्य कानुनी प्रक्रिया र मानवीय मर्यादाभित्र रहनुपर्ने बताएको छ ।

विज्ञप्तिमा राज्यका कुनै पनि निकायहरूद्वारा गरिने हरेक अनुसन्धान तथा छानविनका कार्यमा सबै पक्षको पूर्ण सहयोग रहने उल्लेख गर्दै लोकतन्त्र, मानवअधिकार र विधिको शासनको सम्मान हुनुपर्नेमा जोड दिइएको छ । साथै, यस्ता अवान्छित घटनाक्रमले वर्तमान सरकारको नियतमाथि प्रश्न उठाउने भन्दै पार्टीले कडा शब्दमा भर्त्सना गरेको छ ।

मकवानपुरका सुकुम्बासीमाथि बढ्यो त्रास

भुमिहिन तथा अव्यवस्थित बसोबासीले मागे लालपुर्जा

सन्देश संवाददाता

हेटौंडा/मकवानपुर जिल्लाका भुमिहिन दलित, भुमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुले लालपुर्जाको माग गरेका छन् ।

अव्यवस्थित बसोबासी तथा भुमिहिनहरुले बालेन सरकारले बस्तिहरुमा डोजर चलाएपछि संभावित त्रासको आकलन गर्दै हेटौंडामा बिरोध जनाएका हुन् ।

भुमिहिनहरुले आफुहरुलाई बिस्तापित होइन, स्थापित गर्न नेपाल सरकार समक्ष माग गर्दै प्रमुख जिल्ला अधिकारी बसन्तराज अधिकारी मार्फत् प्रधान मन्त्रीलाई र मेयर मिनाकुमारी लामालाई ज्ञापन पत्र बुझाएका हुन् ।

भुमिहिन सुकुम्बासी संघर्ष समिति, नेपाल बसोबास संरक्षण समाज, राष्ट्रिय भुमि अधिकार मञ्च नेपाल मकवानपुर, अखिल नेपाल सुकुम्बासी संघ मकवानपुर, नेपाल राष्ट्रिय सुकुम्बासी संघ मकवानपुर को संयुक्त आयोजनामा हेटौंडा-११ थानाभऱ्याङदेखि जिल्ला प्रशासन कार्यालय मकवानपुरसम्म ऱ्याली सहित पुगेका थिए ।

राप्तीपुलबाट सुरु भएर बुद्धचोक, संगमचोक हुँदै ऱ्यालीमा राज्य जनताको अभिभावक हो, अभिभावकले जनताको संरक्षण गर्नुपर्छ, राज्यले कुनै पनि नागरिकलाई बेघरबार बनाउन मिल्दैन लगायतका सभ्य नारासहित जिल्ला प्रशासन कार्यालय मकवानपुरमा पुगेर कोणसभा गर्दै प्रजिअमार्फत् प्रधान मन्त्रीलाई ज्ञापनपत्र बुझाएका थिए ।

ज्ञापनपत्र बभद्दै प्रजिअ अधिकारीले आफुले ज्ञापनपत्र सम्बन्धित निकायमा पुऱ्याउने बताए । ऱ्यालीमा मनहरी क्षेत्रका अब्यवस्थित बसोबास गरेका क्षेत्रका बासिन्दा र हेटौंडा-११ का वास्तविक भुमिहिन बासिन्दाहरुको सहभागिता रहेको आयोजक मध्येका एक कमलचन्द्र सुमनले जानकारी गराए ।

आयोजकमध्येका सुमनले सरकारको बिरोधभन्दा पनि सुकमुम्बासी तथा अब्यवस्थितलाई ब्यवस्थापन गरेर राज्यका काम कारवाहीहरु अघि बढाउन र बर्षात्को समयमा बिना जानकारी डोजर चलाउने कार्यप्रति गम्भीर बन्न हामीले खबरदारी मात्र गरेका हौं ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएपछि टोलिले हेटौंडा उपमहानगर पालिकाकी मेयर मिनाकुमारी लामा लाई पनि ज्ञापनपत्र बुझाएका थिए ।

ज्ञापनपत्र बुझ्दै लामाले आफु सदैब सुकुम्बासीको समस्या समाधानमा लागि परेको र अब्यवस्थित बसोबासलाई ब्यवस्थित बनाउन आफ्नो तर्फबाट यथासक्य सहयोग गर्ने प्रतिबता जनाईन । उनले अहिलेको सरकारले पनि सुकुम्बासी र अब्यवथित बसोवास गरेका नागरिकको उचित ब्यवस्थापन गर्न चाहेकोले धैर्य गर्न टोलीलाई आग्रह गरेकी थिईन् ।

दोस्रो उपमेयरकप महिला फुटबल प्रतियोगितामा

हेटौंडा एकेडेमी सहभागी हुँदै

सन्देश संवाददाता

हेटौंडा/रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा दोस्रो संस्करणको उपमेयर महिला फुटबल प्रतियोगिता हुने भएको छ ।

आगामी बैशाख २६ गतेबाट सुरु हुने उपमेयर कप महिला फुटबल प्रतियोगितामा हेटौंडा फुटबल एकेडेमीको महिला टिम सहभागी हुने भएको हो । हेटौंडा फुटबल एकेडेमीको महिला टिमले आफ्नो पहिलो सेमीफाइनल खेलमा बैशाख २८ गते काठमाडौंको नेपाल पुलिस क्लबको टिमसंग प्रतिस्पर्धा गर्ने भएको छ । उक्त खेलमा जीत निकाल्न सकेमा हेटौंडा फुटबल एकेडेमीले सेमीफाइनलको यात्रा पुरा गर्ने प्रशिक्षक भीम लामाले जानकारी दिएका छन् ।

बीस पचहत्तर युवा परिवारको आयोजनामा हुने प्रतियोगिता हेटौंडा फुटबल एकेडेमीसहित ८ वटा टिमहरुके सहभागिता रहेको छ । ट्रिनेटी युवा क्लब वालिङ, उपविजेता राईजिङ स्टार क्लब, कपिलवस्तु, पद्मा स्पोर्टस् क्लब ओखलढुंगा, आरएस क्लब पोखरा, नेपाल पुलिस क्लब, संकटा क्लब काठमाडौं र आयोजकको टिमको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल जेठ २ गते हुने बताइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले १ लाख २५ हजार रुपैयांसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यस्तै, प्रतियोगितामा सर्वोकृष्ट खेलाडीलाई २५ हजार तथा अन्य विभिन्न विधाका उत्कृष्ठ खेलाडीलाई १०/१० हजार रुपैयांकासाथै पुरस्कार र प्रमाणपत्र प्राप्त गर्ने आयोजकले जानकारी दिएको छ ।

समयमै नियन्त्रण र निरन्तर
वर्षाले जोगिए जंगल, डढेलोको क्षति न्यून

सन्देश संवाददाता

हेटौंडा/यस वर्ष मकवानपुरका वन क्षेत्रमा बिगतका वर्षहरूजस्तो व्यापक डंढेलोको क्षति हुन नपाएको डिबिजन वन वन कार्यालय मकवानपुरले जनाएको छ ।

निरन्तर परेको वर्षा र समयमै अपनाइएको नियन्त्रणात्मक उपायका कारण जिल्लाका अधिकांश जंगल डढेलोबाट जोगिएको डिबिजन वन कार्यालय मकवानपुरले जनाएको हो । डिभिजन वन कार्यालय मकवानपुरको निर्देशनमा जिल्लाभर रहेका सबै सबडिभिजन वन कार्यालय तथा सामुदायिक वन उपभोक्ता समूहको सक्रियतामा नियन्त्रित डढेलो लगाउने, अग्निरेखा सरसफाइ गर्ने तथा जोखिमयुक्त क्षेत्रको नियमित निगरानी गर्ने काम प्रभावकारीरूपमा अघि बढाइएकाले डढेलो फैलिन नपाएको कार्यालयले जनाएको छ ।

कार्यालयका सहायक वन अधिकृत हेमकुमार पाठकका अनुसार यस वर्ष डढेलोको जोखिम उच्च रहे पनि पूर्वतयारी र निरन्तर सतर्कताका कारण ठूलो क्षति हुन पाएन । उनले भने, "डढेलो फैलिन नदिन जंगल भित्रका अग्निरेखा समयमै सरसफाइ गरियो, नियन्त्रित डढेलो लगाइयो र स्थानीय उपभोक्तासँग समन्वय गरेर जोखिम क्षेत्रको निगरानी बढाइयो । त्यसैले यसपटक ठूलो क्षति हुन पाएन ।" वन क्षेत्रमा सुक्खायाम सुरु भएसँगै डढेलोको जोखिम बढ्ने भए पनि यस वर्ष बीच-बीचमा परेको पानीले जंगलमा चिस्यान कायम राख्दा आगो फैलिने सम्भावना कम भएको वन कार्यालयको भनाइ छ । हेटौंडा उपमहानगरपालिकासहितका केही जंगलमा डढेलो लागेको भएपनि केही घण्टामानै नियन्त्रणमा ल्याइएको थियो ।

सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारी र स्थानीयवासीको सक्रिय सहभागिताले पनि डढेलो नियन्त्रणमा महत्वपूर्ण भूमिका खेलेको कार्यालयले जनाएको छ । वन क्षेत्र संरक्षणका लागि स्थानीय तह, सुरक्षा निकाय र वन उपभोक्ता बीचको समन्वयलाई थप प्रभावकारी बनाइएको बताइएको छ ।

वन कार्यालयका अनुसार आगामी दिनमा पनि मौसम सुख्खा भए डढेलोको जोखिम कायमै रहने भएकाले सतर्कता नघटाइने जनाएको छ । जंगल क्षेत्रमा जथाभावी आगो बाल्न नहुने, वनभित्र सिगरेटका ठुटा वा आगोका स्रोत नफाल्न कार्यालयले सर्वसाधारणलाई आग्रह गरेको छ ।

मकवानपुरका सामुदायिक वन समूहद्वारा संरक्षित वन क्षेत्रमा डढेलो नियन्त्रणका लागि अपनाइएको पूर्वतयारी र सामुदायिक सहभागिताले यस वर्ष वन क्षेत्रको संरक्षणमा सकारात्मक परिणाम दिएको वन कार्यालयको निष्कर्ष छ ।

भट्टलाई २४ घण्टाभित्र उपस्थित गराउन आदेश

सन्देश संवाददाता

काठमाडौं/सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको नियन्त्रणमा रहेका दीपक भट्टलाई सर्वोच्च अदालतले २४ घण्टाभित्र उपस्थित हुन आदेश दिएको छ ।

सोमबार बन्दी प्रत्यक्षीकरणको रिटमाथि न्यायाधीश अब्दुल अजीज मुसलमानको इजलासले सुनुवाइ गर्दै उनलाई २४ घण्टाभित्र उपस्थित गराउन आदेश दिएको हो ।

'यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक २४ घण्टाभित्र बन्दीसहित उपस्थित गराई महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जबाफ पेस गर्नू भनी प्रस्तुत आदेश,' आदेशमा भनिएको छ ।

सर्वोच्चले उनलाई नियन्त्रणमा लिनुको कारण के हो र किन रिहा गर्न नपर्ने भनेर आधार कारण पनि उल्लेख गर्न भनेको छ । रिट परेको बारे विपक्षीहरूलाईसमेत जानकारी दिन सर्वोच्चले आदेश दिएको छ ।

अनुसन्धान भइरहेको मिसिल फाइल पनि पेसीकै दिन ल्याएर फिर्ता लैजाने गरी महान्यायाधिवक्ता कार्यालयमार्फत् झिकाउनसमेत भनिएको छ । भट्टकी श्रीमती आयुस्मा नेपालीले गत वैशाख १८ गते काठमाडौं जिल्ला अदालत, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, सिआइबी र महानगरीय प्रहरी प्रभाग सानेपालाई विपक्षी बनाएर बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन् । उनको माग माथि यस्तो आदेश भएको हो ।

भीम विराग संगित साहित्य कला प्रतिष्ठान नेपालले

८ सर्जक तथा श्रष्टाहरुलाई सम्मान गर्दै

सन्देश संवाददाता

हेटौंडा/वरिष्ठ कलासाधन भीम विरागको बहुआयामिक व्यक्तित्वप्रति सम्मानस्वरुप वि.सं. २०५१ सालमा स्थापना भएको भीम विराग साहित्य कला प्रतिष्ठन नेपाल ले नेपाली संगीत साहित्य र कला क्षेत्रका परिचित ८ जना सर्जक तथा श्रष्टाहरुलाई सम्मान गर्ने भएको छ ।

प्रतिष्ठानद्वारा सोमबार पत्रकार सम्मेलन गर्दै देश तथा विदेशमा रही नेपाली वाङ्मयको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका सर्जक स्रष्टहरुलाई सम्मानित एवम् पुरस्कृत गर्ने भएको हो ।

प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठद्वारा हस्ताक्षरित बिज्ञप्तिमा मकवानपुरको माटोबाट बार्षिकरुपमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा पुरस्कार तथा सम्मान समर्पण गर्दै आइरहेको जानकारी दिए ।

प्रतिष्ठनले स्थापनाकालदेखि नै भाषा, कला, संगीत तथा विभिन्न सामाजिक क्षेत्रमा क्रियाशील व्यक्तित्वहरुलाई निरन्तर पुरस्कार तथा सम्मान गर्दै आईरहेकोमा यस बर्ष ८ जनालाई पुरस्कार तथा सम्मान बितरण गर्न लागेको अध्यक्ष श्रेष्ठले जानकारी गराए ।

यस बर्षको तुलसीमाया-शिवकुमारी सृजनशील नारी पुरस्कार २०८२ (पुरस्कार संस्थापक मुक्ति गोविन्द वैद्य) बाट मकवानपुरका हस्तकला प्रशिक्षक श्री रविना श्रेष्ठलाई नगद रु.१५ हजारसहित सम्मान गर्न लागिएको हो । यसैगरी भीम-मथुरा बाल प्रतिभा पुरस्कार, २०८२ (पुरस्कार संस्थापक श्री विन्दुगोपाल गोर्खाली) सोलिड्यारिटि इन्टरनेसनल एकेडेमीकी उदयीमान गायिका श्री अक्सा खातुनलाई नगद रु.१० हजारसहित प्रदान गर्न लागिएको हो ।

शिला नारी पुरस्कार, २०८२ (पुरस्कार संस्थापक श्री आशीष श्रेष्ठ)- मकवानपुरका साहित्यकार तथा रंगकर्मी सीता थापामगरलाई नगद रु. १५ हजारसहति सम्मान गर्न लागिएको हो । यसैगरी रामकृष्ण बानियां स्मृति लोक संगित पुरस्कार-२०८२ (पुरस्कार संस्थापक श्री चुनु बानियाँ)द्वारा लमजुङका लोक गायक राजु परियारलाई नगद रु. २० हजार सहित सम्मान गरिने भएको छ ।

यसैगरी चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार-२०८२ (पुरस्कार संस्थापक श्री रामबहादुर पाखिन)द्वारा साहित्य संगम मकवानपुरलाई नगद रु. १५ हजार पुरस्कार राशीसहित सम्मान गरिने भएको अध्यक्ष श्रेष्ठले जानकारी गराए ।

प्रतिष्ठानद्वारा स्थापना गरिएको मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार-२०८२ (पुरस्कार संस्थापक श्री देवप्रसाद श्रेष्ठ र श्री दीपकप्रसाद श्रेष्ठ)द्वारा मकवानपुरका स्वास्थ्यकर्मी राजु गुरुङ (चौघडा) लाई नगद रु. १० हजारहित पुरस्कृत गरिन लागेको हो भने अजित सेन गुप्ता भिन्न क्षमता पुरस्कार- २०८२ (पुरस्कार संस्थापक श्री रोशन सेन गुप्ता)द्वारा फरक क्षमताका पालुङका चित्र कलाकार अमिर बोम्जनलाई नगदर रु. १० हजारसहित सम्मान गरिने भएको महासचिव छवि अनित्यले जानकारी गराए ।

प्रतिष्ठानले इन्द्रकुमार कोजु स्मृति पुरस्कार-२०८२ (पुरस्कार संस्थापक चम्पा कोजु)द्वारा नवोदित भलिबल खेलाडी अप्सना उप्रेतीलाई प्रदान गर्न लागिएको प्रतिष्ठानका उपाध्यक्ष ह्यग्रिव आचार्यले जानकारी गराए । यि पुरस्कारहरु आगामी बैशाख २७ गते आईतवार पल्पसा सभागृहमा बितरण हुने अध्यक्ष श्रेष्ठले जानकारी गराए ।

उखान: मासिने बेलामा कमिलाको प्वाँख आउँछ।

।।।। बेलाको बोली ।।।।

एउटा उत्कृष्ट कुरा सिंहवाट सिक्न सकिन्छ, जो व्यक्ति जे पनि गर्न चाहन्छ, त्यसलाई मनवाटै र जोडदार प्रयासका साथ गर। - चाणक्य

सम्पादकीय

सुकुम्बासीको ब्यवस्थापन गर

गत वैशाख अन्तिम साता वागमती किनारका सुकुम्बासी बस्तीका मानिसका घर टहरामाथि सरकारले डोजर चलाएर सुकुम्बासी ब्यवस्थापन गर्ने काम सुरु गरेको छ । उक्त स्थानबाट केही परिवार अन्यत्र सरे पनि धेरै भने टालटुले पाराले बारबुर पारेर सोही स्थानमा बसिरहेका छन्। उनीहरुको खाने, बस्ने र सुत्ने टुंगो छैन। शिक्षा, स्वास्थ्य, स्वच्छ पिउने पानी जस्ता आधारभूत सवाल विनीहरुसम्म पुग्न सकेको छैन। अझ केही दिनदेखि राजधानीमा सुरु भएको वर्षाले त उनीहरुको कन्तविजोगै गराएको छ। तर पनि उनीहरु यहाँ बस्न बाध्य हुनुले समस्याको गहिराई अन्दाज गर्न सकिन्छ।

सुकुम्बासीलाई उचित बसोबास मिलाउनुपर्ने र वैकल्पिक व्यवस्थाविना हटाउन नहुने नेपालका प्राय दलहरुले घोषणा पत्रमा पनि राख्दै र माग राख्दै आएका थिए । तर, नेपालका पुराना दलहरुले ति सुकुम्बासीहरुलाई केवल निर्वाचनमा भोट बैंकको रुपमा मात्र लिएर निर्वाचन जितेर गएपछि समस्या समाधानको काममा सिन्को पनि नभाँचेकोले यो समस्या नहाको तहि देखिएको हो । काठमाडौंको बिभिन्न स्थानपछि अहिले सरकारको आंखा देशभरका सुकुम्बासी बस्तीमा परेको छ । यसैक्रममा बागमती प्रदेशको राजधानी हेटौंडाको वडा नम्बर ११ मा पनि सरकारको कारवाही हुन सक्ने भन्दै सो क्षेत्रका सुकुम्बासीहरुले मकवानपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी लाई सुकुम्बासी समस्यालाई सचित ब्यवस्थापन गर्न माग गर्दै प्रनिअ मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन् ।

उनीहरुले राज्य जनताको अभिभावक भएकोले समस्या समाधान गरेर वा बैकल्पिक ब्यवस्था मिलाएर मात्र जमिन खाली गर्ने प्रक्रिया थाल्नु पर्ने उनीहरुको माग छ । उनीहरुले सोमबार भएको बृहत चालीसहितको ज्ञापनपत्र बुझाएका छन् । हेटौंडा-११ थानाभन्याल क्षेत्रका सुकुम्बासीको माग सम्बोधन गर्दै बैकल्पिक ब्यवस्था गरेर मात्र कारवाही अघि बढाउन आग्रह गरेका छन् । नेपालको हरेक जिल्लाका वास्तविक सुकुम्बासीलाई राज्यले पक्कै पनि उचित वासस्थानको ब्यवस्थानपछि मात्रै कारवाही बढाउने पर्ने हुन्छ । सुकुम्बासीका नाममा हुकुमबासीले जग्गा ओगटिरहेको राप अलापेरमात्र सरकार पन्छिन पाउँदैन। जग्गा सम्बन्धी सबै समस्या टुंगो लगाउन पहल गहिहाल्ने र त्यतिन्जेलका लागि कसैलाई बस्तीबाट नउठाउने नीति अहिलेलाई उत्तम हुनेछ।

मकवानपुरमा आज

१: जानकारीमा नआएको

तपाईको आज

मेष श्रम परे पनि सुखद समाचारले उत्साह जगाउनेछ तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ बुद्धिका कारण लक्ष्य प्राप्त हुनेछ।

वृष अध्ययनमा विशेष प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद समाचारले उत्साह जगाउनेछ समय छ। नयाँ काम प्रारम्भ हुनेछ।

मिथुन आम्दानीका स्रोत पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई पनि निखार्ने अवसर प्राप्त हुनेछ।

कर्कट विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ। अटिको लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ। सामाजिक नेतृत्व हातलागि हुने सम्भावना प्रबल छ।

सिंह कृषि, पशुपालन तथा घरेलु कामकाजमा फूलबारी र घरको साजसज्जामा समय बित्नेछ। टाढिएका आफन्त, साथीभाइ नजिकिन सक्छन्।

कन्या मिहिनेतले सम्मानित स्थान दिला उन सक्छ बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ। बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ।

तुला स्वास्थ्य कमजोर रहनेछ भने केही जुध्नु पर्नेछ । अशक्त अवस्थामा व्यस्तता बढ्नेछ । प्रतीक्षित नतिजा कमजोर हुनाले काम दोहोऱ्याउनुपर्ला।

वृश्चिक रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ

धनु अवसर र व्यवधानका बीचबाट कर्मफल प्राप्त हुनेछ। अरूको विश्वास जित्ने केही समय लाग्नेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागि हुनेछ

मकर सहयोगीहरूले साथ दिनाले चिता-एका काम सम्पादन हुनेछन्। मिहिनेतले राम्रो परिणाम प्राप्त हुनेछ। भौतिक साधन पनि जुट्नेछन्।

कुम्भ सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ । उत्साह जगाउनेछ। मित्रता र प्रेमको बन्धन कसिनेछ।

मिन अतिथिको रूपमा सत्कार तथा सम्मान प्राप्त हुनेछ । परिवारजनको साथ जुटुनाले सहज बनाउन सकिनेछ। भौतिक वस्तुहरू जुटाउन सकिनेछ।

हाम्रो सम्पर्क ठेगाना
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७०३६, समाचार शाखा : ९८४५०२१८०३
विज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

जैविक विविधता संरक्षणको एजेन्डा

✍विजयराज पौड्याल

जैविक विविधता भन्नाले स्थल, सामुद्रिक तथा जल पर्यावरणीय पद्धतिसमेतका जीवक, जीवाणुबीचको परिवर्तनशीलता तथा तिनीहरूसमेत समावेश रहेको पर्यावरणीय सम्मिश्रण सम्झनुपर्छ। जैविक विविधतालाई तीन तहमा वर्गीकरण गरिएको पाइन्छ पारिस्थितिकीय प्रणालीको विविधता, प्रजातीय विविधता तथा आनुवंशिक विविधता। जैविक विविधता संरक्षण गर्नु भनेको दिगो विकासको अवधारणा सामाजिक, आर्थिक र जैविक पद्धतिबीच सन्तुलन कायम राख्नु तथा टेवा दिनु हो।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र नियमावलीहरू जारी गर्नुको मुख्य ध्येय नै दुर्लभ वन्यजन्तु र समग्रमा प्रकृति संरक्षण गर्नु हो । प्रारम्भमा वि.सं. २०३० मा चितवन राष्ट्रिय निकुञ्ज र पछिल्लो पटक वि.सं.२०८२ मा छायानाथ राष्ट्रिय निकुञ्ज स्थापनासमेतबाट २९ वटा संरक्षित क्षेत्र घोषणाका कारण नेपालको कुल भूभागको २३.३९ प्रतिशत जमिन संरक्षित क्षेत्रले ओगटेको पाइन्छ। अर्थात् जैविक विविधता संरक्षणामा नेपालले आफ्नो लागि मात्र होइन, विश्व जगतका लागि लाभदायक हुने गरी प्रतिबद्ध र कटिबद्ध रहेको स्पष्ट हुन्छ।

राष्ट्रिय परिस्थिति :

वन ऐन २०१८, २०४९ र २०७६ का साथै नियमावलीहरू जारी भएपछि नेपालको कुल भूभागको ४६ प्रतिशतभन्दा बढी वन क्षेत्र रहेको छ। निजी तथा पारिवारिक वनको तथ्यांकसमेत जोड्ने हो भने अझै वनले ढाकेको जमिनको प्रतिशत बढ्नेछ । तर, बढ्दो वन र वन्यजन्तु खासगरी हिंस्रक वन्यजन्तुमध्ये बाघका कारण बर्दिया र चितवनमा मानवको क्षति तथा घाइते बनाएकाले संरक्षणको सफलताका कथामा स्थानीय बासिन्दाको पीडा वा व्यथा दिन-प्रतिदिन बल्झिन-रहेको देख्न र सुन्न सकिन्छ।

प्रधानमन्त्री बालेन्द्र शाहले २०८२ फागुन २१ को निर्वाचनअघि रास्वपाका आछाम जिल्लाका उम्मेदवार भूपदेव शाहलाई एक संवादमा भनेका थिए, 'जंगल बढेको रास्रो, जनावर बढेको पनि रास्रो, तर जनावर र मानिसलाई सँगै राख्ने चाही होइन नि, पर राक्षस्यो।' मानव-वन्यजन्तु द्वन्द्व समाधानको बाटोतर्फ लक्षित भलाकुसारी भएको देखिन्छ।

नेपालको संविधान, २०७२ अनुसार राष्ट्रिय निकुञ्ज र आरक्ष संघको अधिकार क्षेत्रभित्र छ भने राष्ट्रिय वनको व्यवस्थापन प्रदेश सरकारले गरिरहेको छ। वन्यजन्तुका लागि संघ र प्रदेशको समाना कहांबाट सुरु भई कहाँ अन्य हुन्छ ? थाहा भएन। वन्यजन्तु आवतजावत सहज बनाउन आजकाल भू-परिधिस्तरीय संरक्षण पद्धतिका कारण पर्खाल र काँडेतारको विकल्पमा प्रकृतिमा आधारित सिमानामा जोड दिइएको छ। राष्ट्रिय वन र संरक्षित क्षेत्रको सिमानामा प्रायः खुला नै छ । तसर्थ, संघ र प्रदेशको समन्वय र संयुक्त पहलबिना हाल देखिएको मानव-वन्यजन्तु द्वन्द्वको समाधान हुने देखिदैन।

हिंस्रक वन्यजन्तुका बारेमा ज्ञान व्यवस्थापन पनि अति जरुरी छ। यसका लागि संघ र प्रदेशमा स्थापना भएका वन अनुसन्धान तथा तालिम केन्द्रको भूमिका अहम् देखिन्छ। डिभिजन वन कार्यालय र संरक्षित क्षेत्र (राष्ट्रिय निकुञ्ज तथा आरक्ष एवं संरक्षण क्षेत्र) मा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीलाई वन्यजन्तुको आनीबानी र आहारा व्यवस्थापनमा थप क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ। अर्को महत्वपूर्ण पक्ष भनेको स्थानीय सरकार र बासिन्दाका लागि वन्यजन्तुको आनी-बानीबारे सचेतना कार्यक्रम र सुरक्षित रहनेबारे क्षमता अभिवृद्धि तथा उपयुक्त औजार तथा उपकरण उपलब्ध गराउनु सरकारको कर्तव्य हो। राष्ट्रिय निकुञ्ज तथा आरक्ष एवं संरक्षण क्षेत्रमा कुन-कुन हिंस्रक वन्यजन्तु के-कति संख्यामा छन् ? आहारा र पानीको व्यवस्था मात्र होइन, बासस्थानको अवस्था कस्तो छ ? खाद्य श्रृंखलासमेतको अध्ययन गरी प्रतिवेदन सार्वजनिक हुनु आजको आवश्यकता हो। हुन त हरेक संरक्षित क्षेत्रको मध्यवर्तीसमेतको र राष्ट्रिय वन (सामुदायिक वन, साझेदारी वन, वन संरक्षण क्षेत्र) कार्ययोजना तयार गरिएको छ, तर कार्ययोजना कार्यान्वयन र उपलब्धि र चुनौतीको परीक्षण कसले गरिरहेको छ ?

जबसम्म प्राकृतिक स्रोत संरक्षणमा संलग्न स्थानीय बासिन्दाको जीउज्यानको सुरक्षा र आर्थिक समृद्धिमा सरकारले लगानी गर्दैन, तबसम्म नेपालमा समृद्धिका ठूला कुरा गरे पनि उपलब्धि हासिल गर्न सकिँदैन। साथै, हिंस्रक वन्यजन्तुको कारण ज्यान गुमाएका परिवार, सख्त घाइते र सामान्य घाइतेहरूका लागि आर्थिक सहयोग, स्वास्थ्य, शिक्षा, रोजगारीको व्यवस्था जबसम्म गरिदैन, तबसम्म जैविक विविधता संरक्षणमा हासिल गरेको सफलताको कुनै अर्थ छैन। यस प्रकारको कार्यमा केवल वन तथा वातावरण मन्त्रालयको मात्र जिम्मेवारी होइन, अर्थ, शिक्षा, श्रम तथा रोजगार, पर्यटन मन्त्रालयको पनि दायित्व हुन आउँछ। जैविक विविधता संरक्षणका तीन मूल उद्देश्यहरूमा जैविक विविधता संरक्षण, जैविक स्रोतो दिगो उपयोग र लाभ बाँडफाँड हुन् । नेपालमा अघिल्ला दुई उद्देश्यमा केही हदसम्म उपलब्धि प्राप्त गरे पनि आनुवंशिक स्रोतमाथिको पहुँच र लाभ बाँडफाँडमा भने स्थितिले अझै गति लिन सकेको छैन। आनुवंशिक स्रोतमाथि पहुँच र लाभ बांडफाँडसम्बन्धि विधेयक पनि तयार भई संसद्मा पेस भए पनि अझै निकास आएको छैन।

अन्तर्राष्ट्रिय परिवेश :

पृथ्वी सम्मेलनमा ब्राजिलको रियो दि जेने-रियोमा अन्तर्राष्ट्रियस्तरमा जैविक विविधता महासन्धिमा नेपालले हस्ताक्षर गऱ्यो । यो सन्धि नेपालमा सन् १९९४ फेब्रुअरी २१ देखि लागू गरी प्रतिबद्धता पूरा गर्न नेपाल जैविक विविधता रणनीति-२००२, जैविक विविधता रणनीति कार्यान्वयन योजना (सन् २००६-२०१०), नेपाल जैविक विविधता रणनीति तथा कार्य योजना (सन् २०१४-२०२०) स्वीकृत तथा लागू भइसकेको छ । हाल रणनीति तथा कार्ययोजनाको समयावधि समाप्त भइसकेको र नयां रणनीति तथा कार्ययोजना तयार भए पनि स्वीकृत भई लागू भएको देखिदैन । यसैबीच जैविक विविधता अभिलेखीकरणका लागि वि.सं. २०६० वैशाख २ गते 'जैविक विविधताको अभिलेख तयार गर्ने प्रक्रिया, २०६०' स्वीकृत गरी केही स्थानमा अभिलेखीकरण प्रक्रिया थालनी गरे पनि कानूनी मान्यता हालसम्म पनि पाएको छैन। नेपालमा जैविक विविधता फोकल प्वाइन्टका रूपमा वन तथा वातावरण मन्त्रालय, वातावरण तथा जैविक विविधता महाशाखा रहेको पाइन्छ।

जैविक विविधतासत्ता विश्वको साझा सम्पत्तिको संरक्षणमा विश्वव्यापी ऐक्यबद्धता पनि रहेको पाइन्छ। सन् १९९३ देखि डिसेम्बर २९ का दिन यो दिवस मनाउँदै गरेकोमा सन् २००० देखि मे २२ मा मनाउने राष्ट्रसंघले निर्णय गरेको छ। शैक्षिक कार्यक्रम, सामुदायिक कार्यक्रम, डिजिटल अभियान, नीति फोरममा बहस तथा वकालतजस्ता कार्यक्रममार्फत् जैविक विविधता संरक्षणका लागि सचेतना कार्यक्रम समावेश गर्ने गरिएको छ। नेपालको जैविक विविधता संरक्षणका लागि संयुक्त राष्ट्रसंघको पनि भूमिका रहेको र नेपालले विश्व जगतबाट थप आर्थिक सहयोगको अपेक्षा गर्नु स्वभाविकै हो।

अबको एजेन्डा :

नेपालमा जंगल बढेको छ, ठूला जनावर पनि बढेका छन् । मानिस र वन्यजन्तु अलग-अलग राख्ने संवाद कत्तिको व्यवहारमा ल्याउन सक्ने विषय हो ? अझै स्पष्ट छैन। नेपालमा वन संरक्षणमा परम्परागत ज्ञान रहेको र आदिवासी जनजाति र स्थानीय समुदायहरूको संस्कृति, जीवन दर्शनका कारणले हैसियत बिग्रेका वनको हैसियत सुधार तथा नयाँ वृक्षारोपण वनसमेत सिर्जना गरेका छन्। प्रकृति अर्थात् जल, जमिन, वन र वन्यजन्तु तथा मानवबीच सहअस्तित्व कायम हुन्छ र हुनुपर्छ। तसर्थ, स्थलगतरूपमा नै वातावरणमैत्री तथा जनमैत्री आवश्यक कदम चाल्नु सरकारको एजेन्डा हुनु जरुरी छ जनताको जीउज्यानको सुरक्षा गर्नु राज्यको पहिलो कर्तव्य हो। हिंस्रक वन्यजन्तुको आतंकबाट के-कसरी सुरक्षा दिने, मानवको क्षति तथा घाइते बारे बृहत् अध्ययन गरी दीर्घकालीन कार्यमूलक योजना तयारी र बजेट विनियोजना सरकारको एजेण्डा हुनुपर्छ।

डिभिजन वन कार्यालय र संरक्षित क्षेत्रमा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारी मात्र होइन, स्थानीय सरकार र बासिन्दाका लागि वन्यजन्तुको आनीबानीबारे सचेतना कार्यक्रम र सुरक्षित रहनेबारे क्षमता अभिवृद्धि तथा औजार उपकरण उपलब्ध गराउनु सरकारको काम हो। नयां नेपाल जैविक विविधता रणनीति तथा कार्ययोजना छिटोभन्दा छिटो स्वीकृत र कार्यान्व-यनमा लैजानु आजको आवश्यकता हो। आनुवंशिक स्रोतमा पहुँच र लाभ बाँडफाँडसम्बन्धि विधेयक तयार गरी संसद्बाट जैविक विविधता कोष स्थापनासहितको कानून जारी आजको एजेन्डा हो।

मानव-वन्यजन्तु द्वन्द्वको समाधान गर्न संघ र प्रदेशका सरकारले नयाँ कार्यशैलीमा सहकार्य र समन्वयात्मकढंगले कार्य सुरु गर्नु अपरिहार्य र बाध्यात्मक बनाउनु आवश्यक छ। हरेक वर्ष संर-क्षित क्षेत्रको कार्ययोजना संघीय र राष्ट्रिय वनको प्रदेशमा रहेको वन क्षेत्र हेर्ने मन्त्रालयले क्रमशः परीक्षण गर्नु वाञ्छनीय देखिन्छ। जैविक विविधता संरक्षण सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवस समारोह आयोजना गर्नु राम्रो हो, साथै राजनीतिक दलका नेता-कार्यकर्तालें मानव-वन्यजन्तु द्वन्द्व बारे बुझ्नु जरुरी छ। साथै, राजनीतिक दलहरूको साझा प्रतिबद्धता तथा संकल्प समयमै जाहेर गर्नु आजको आवश्यकता हो। जैविक विविधता संर-क्षणमा स्थानीय पहलालाई जोड दिँदै अन्तर्राष्ट्रिय स्तरमा समन्वय र सहयोग आदान-प्रदान गर्नु समयको माग हो।

साभार : अनलाइन खबर

होला त सुकुम्वासी समस्याको समाधान ?



✍डा. अमर गिरी

सुकुम्वासी समस्या नयाँ समस्या होइन । यसको समाधानका निम्ति बिगतमा पनि प्रयास भएका हुन्। राज्यमा रहेका विभिन्न कमजोरीका कारण समस्या समाधान हुन सकेन। सुकुम्वासी समस्या आर्थिक असमानता र गरिबी, अनियन्त्रित शहरीकरण, भूमिसम्बन्धि नीति, राज्यको कमजोर योजना, द्वन्द्व, विपद् र विस्थापनसँग जोडिएको विषय हो। सुकुम्वासी समस्याको जरो मूलतः आर्थिक संरचनासंग सम्बन्धित छ। उत्पादनका साधनमाथि सीमित वर्गको स्वामित्व र नियन्त्रणले श्रमिकवर्गले भूमिमा पहुँच गुमायो। ठूलो जनसंख्या भूमिहीन बन्यो। सरकारी, सार्वजनिक र गुठीको जग्गामा बस्ने सुकुम्वासीको संख्या लाखौं छ।

बासका निम्ति जग्गा नभएकाहरु नै यस्ता जग्गामा घर बनाएर बसेका छन्। सुकुम्वासीहरु शहरको विकाससँगै शहरको छेउछाउमा आएर बस्ने क्रम बढ्यो। नेपालमा अहिले झण्डै पौने ३ लाख जति सुकुम्वासी घरपरिवार छन्। यसमा दलितहरुको संख्या सबैभन्दा बढी छ। विश्वमा झण्डै एक अर्ब मानिस असुरक्षित आवासमा बस्छन्। सुकुम्वासी हुनुका कारण अन्य नगरेसम्म सुकुम्वासी समस्याको समाधान कठिन छ।

शहरका नदी र खोलाका किनारमा सुकुम्वासी आएर बस्ने कुरा रोजगारीको अवसर र सुरक्षित आवासको चाहनासँग सम्बन्धित छ। शहरलाई अवसरका रुपमा हेरिन्छ। यसरुपमा हेरिनु स्वाभाविक पनि छ । अवसरकै कारण शहरमा अनौपचारिक बस्तीहरुको विस्तार हुन्छ। यस्ता जग्गामा सुकुम्वासी वा जमिन नभएकाहरु नै सबैभन्दा बढी हुन्छन्। सुकुम्वासी नहुनेहरु पनि यस्ता बस्तीमा बस्छन्। यस्ता जग्गा नियन्त्रणमा लिएर भाडामा लगाउने, व्यापार वा अन्य कारोबार गर्नेहरु पनि हुन्छन्। काठमाडौंका नदीकिनारका सुकुम्वासी बस्तीहरुमै यस्ता हुकुम्वासीहरु धुपै पाइएका छन्। नेपालको ग्रामीण क्षेत्रबाट रोजगारी, शिक्षा र स्वास्थ्यको अवसरको खोजीमा शहर तर्फको बसाई सराइका कारण ठूला शहरहरुमा सुकुम्वासीको बस्ती विस्तार भएको हो। आउंदा दिनमा बसाईंसराइ अझै बढ्नसक्छ । यो कुरा राज्यको नीति तथा कार्यक्रम कस्तो हुनेछ भन्ने कुरामा निर्भर रहन्छ। सरकारले यो समस्यालाई उपयुक्तढंगले सम्बोधन गरे समस्या समाधान हुन सक्छ तर शहरतिर कामको खोजीमा मानिसहरु आउने क्रम रोकिने छैन । यसले सिर्जना गर्ने समस्यासँग राज्य जुझि नै राख्नु पर्नेछ । शहरहरु अवसरको केन्द्रका रुपमा रहने भएकाले यस्तो हुन्छ । यसलाई समाधान गर्ने उपयुक्त विकास नीति पनि राज्यसँग हुनुपर्छ ।

सुकुम्वासी समस्या समाधान गर्नु राज्यको प्राथमिक दायित्व हो । यो राज्यको संरचनाद्वारा सिर्जित समस्या हो । वैज्ञानिक भूमिसुधारका माध्यमबाट संसारका विभिन्न मुलुकले यस समस्यालाई समाधान गर्ने प्रयास गरेका छन् । रोजगारीको पर्याप्त अवसरका माध्यमबाट पनि यो समस्यालाई सम्बोधन गर्ने प्रयास भएका छन् । सुकुम्वासीका निम्ति राज्यद्वारा निर्धारित जमिन उपलब्ध गराएर मात्र समस्या समाधान हुन्न । एक टुक्रा जमिन त हुन्छ तर रोजगारीको कुरा बाँकी रहन्छ । समानता र सामाजिक न्यायको मर्मलाई आत्मसात् गरेर मात्र यस दिशामा ठोस काम गर्न सकिन्छ । सुकुम्वासी समस्या जमिन र आवाससँग जोडिएको समस्या मात्र होइन, श्रम, रोजगारी र शहरीकरणसँग जोडिएको समस्या पनि हो ।

सरकारले उपत्यकाको थापाथली, गैरीगाउँ र मनोहरा क्षेत्रबाट सुकुम्वासी हटाइएको छ । देशका विभिन्न भेगमा पनि यो अभियान चलाइएको छ । सरकारी वा सार्वजनिक जमिनबाट बस्ती हटाउनुलाई सामान्यतया गलत भन्न मिल्दैन तर सरकारले जुनढंगले यो काम गर्न शुरु गऱ्यो, त्यसलाई सही भन्न सकिन्न । पहिलो कुरो यो कार्य संघीय होइन स्थानीय सरकारले गर्नुपर्दथ्यो । संघीय सरकारले त्यसका निम्ति सहयोग पुऱ्याउनु पर्दथ्यो । सरकारले यस प्रक्रियालाई अपनाएन । यो विधिको अवज्ञा थियो । यसको असर आउँदा दिनमा देखिने नै छ । दोस्रो यो कार्य हतारमा प्रक्रिया नपुऱ्याइकन गरियो । सरकारले न यस विषयमा पर्याप्त गृहकार्य गरेको देखिन्छ न त उसँगै कुनै ठोस वैकल्पिक योजना नै छ । सुकुम्वासी बस्तीमा डोजर चलाउनुभन्दा पहिले सरकारले सुकुम्वासी-हरुको लगत लिनुपर्थ्यो र पहिचान गर्नुपर्थ्यो। सर-कारसँग वैकल्पिक व्यवस्था हुनुपर्थ्यो र सुकुम्वासी-लाई ठाउँ छोड्नका निम्ति समय दिइनुपर्थ्यो। सरकार सर्वोच्चको आदेशप्रति पनि गम्भीर भएको पाइएन। सर्वोच्चले वास्तविक सुकुम्वासीका निम्ति वैकल्पिक व्यवस्था गरेर मात्र नदी किनारका बस्ती हटाउन निर्देशन दिएको थियो ।

पहिले बस्ती हटाउने अनि वैकल्पिक व्यवस्था गर्ने उल्टो तरिका सरकारले अपनाएको छ । अस्थायीरुपमा सुकुम्वासीहरुलाई विभिन्न ठाउँमा राखिएको छ । उनीहरुको बसाइ कष्टपूर्ण छ । यसरी हठात हटाईँदा उनीहरुमा गहिरो मानसिक आघात परेको छ। हटाईँदाको कागजिक द्रव्य म आफैले हेरेको थिएँ। घर सानो होस् वा ठूलो, झुप्रो होस् वा महल त्यससँग स्नेह र स्मृति गाँसिएको हुन्छ । त्यसमा श्रम, सीप र पैसा लगानी भएको हुन्छ। यसको असर सबैभन्दा बढी बालबालिकामा पर्छ । लामो समयदेखि बस्दै आएकाहरुलाई शक्तिको आडमा विस्थापित गरिंदा उनीहरुको मौलिक अधिकारको हनन् मात्र भएको छैन, संविधानको मर्महरुलाई पनि पाखा लगाइएको छ। यो काम वैकल्पिक व्यवस्थासहित ६ महिना वर्ष दिनपछि पनि गर्न सकिन्थ्यो । यसो गर्दा आकाश खस्ने थिएन । यो आकाश खसिहाल्ने समस्या थिएन। खस्ने भए उहिल्यै खसिसक्थ्यो। तर, प्रधानमन्त्रीले यसलाई बढी आफ्नो प्रतिष्ठाको विषय बनाएको देखियो। मेयर हुँदा अधुरो रहेको काम विधि प्रक्रियालाई एकातिर पन्छाएर भए पनि चाँडोभन्दा चाँडो पूरा गर्न चाहेको पाइयो। शहर सुन्दर बनाउनुपर्छ तर यो भन्दा पहिले सुकुम्वासी समस्या समाधान गर्नुपर्छ, गरिबी र बेरोजगारी हटाउनुपर्छ । गरिबी, असमानता र बेरोजगारीले समस्याग्रस्त मुलुकका शहरहरु जतिसुकै सुन्दर भए पनि के हुन्छ र ? मुलुकको खाँचो गरिबी, असमानता र सामाजिक विभेदका बीच सुन्दर शहर होइन, यी सबैको अन्यका बीच सुन्दर शहरको निर्माण हो। हामीलाई चाहिएको 'स्मार्ट सिटी' असमानता, गरिबी र बेरोजगारीबीचको 'स्मार्टसिटी' होइन। सुन्दर पार्क, फराकिला सडक, अग्ला धर र सर- सफाइले मात्र शहर सुन्दर हुन्न। शहर सुन्दर हुन मानिसको अनुहार उज्यालो हुनुपर्छ ।

सरकारले सुकुम्वासी समस्या कसरी समाधान गर्छ, आजको मुख्य प्रश्न यही हो । सुकुम्वासीलाई हटाउन सजिलो छ तर वैकल्पिक व्यवस्था गर्न गाह्रो छ । सुकुम्वासी समस्यालाई कुनै आकस्मिक घटनाको रुपमा अथ्र्याउन सकिन्न । यो आर्थिक असमानता, अन्याय र नीतिगत कमजो-रीहरुको संयुक्त परिणाम हो । यसलाई 'अवैध बसोबास'का रुपमा मात्र हेर्न सकिन्न । यस्तो दृष्टिकोणबाट समस्याको समाधान सम्भव छैन। यसलाई मानवअधिकार, सामाजिक न्याय र समावेशी विकासका दृष्टिले हेरिन आवश्यक छ। नेपालमा वैज्ञानिक भूमिसुधार, उपयुक्त आवास नीति र समावेशी विकासलाई एकीकृतरुपमा अघि बढाउन सक्दा सुकुम्वासी समस्या समाधान गर्न मद्दत मिल्न सक्छ । सुकुम्वासी समस्या समाधान गर्न कुरा समानता, सामाजिक न्याय र मानवीय गरिमामा आधारित समाज निर्माण गर्ने कुरासँग सम्बन्धित छ ।

साभार : नयाँ युगबोध दैनिक

मान्छेको पहिलो प्राथमिकता समयसँगै किन बदलिन्छ ?

खिम लामिछाने काजी

लक्ष्यलाई पनि निरन्तर बदलिरहन्छ। पहिलो कारण जीवनका विभिन्न चरणहरू हुन्। बाल्यकालमा पढाइ, युवावस्थामा करियर र पैसा, विवाहपछि परिवार र जिम्मेवारी, तथा बुढ्यौलीमा स्वास्थ्य र शान्ति प्राथमिकता बन्छ । दोस्रो कारण आवश्यकता पूरा हुनु (लभमम कजषत) हो, जहाँ कुनै लक्ष्य पूरा भएपछि नयाँ आवश्यकता अगाडि आउँछ। तेस्रो कारण नयाँ जिम्मेवारी थपिनु हो, जसले जीवनको दिशा नै बदलिदिन्छ । त्यस्तै, अनुभवले मानिसलाई सिकाउँछ । जस्तै बिरामी हुँदा स्वास्थ्यको महत्व, धोका खाँदा सम्बन्ध र विश्वासको महत्व, र तनाव हुँदा मानसिक शान्तिको महत्व बुझिन्छ। उमेरसँगै मूल्य र सोच पनि बदलिन्छ, जहाँ बाह्य सफलता भन्दा आन्तरिक सन्तुष्टि महत्वपूर्ण हुन्छ । डर, असुरक्षा, वातावरण, अवसर, सामाजिक प्रभाव र प्रविधिको परिवर्तनले पनि प्राथमिकतामा ठूलो असर पार्छ । यसरी, मानिसको जीवन गतिशील भएकाले उसका आवश्यकता, अनुभव र परिस्थितिसँगै प्राथमिकता पनि निरन्तर परिवर्तन हुँदै जान्छ, जसले उसलाई परिपक्व र सन्तुलित जीवनतर्फ लैजान्छ। मान्छेको पहिलो प्राथमिकता (त्यउ उचष्यचष्तथ) समयसँगै किन बदलिन्छ भन्ने धेरै कारणहरू छन् ।

मुख्य कारणहरू यस्ता छन्:

१.जीवनको चरण परिवर्तन (ीषभ कतबनभ अजबलनभ)

मान्छेको जीवन विभिन्न चरणहरूबाट गुज्रिन्छ, र प्रत्येक चरणको आवश्यकता, जिम्मेवारी र सोच फरक-फरक हुन्छ । यही कारणले प्राथमिकता पनि समयसँगै परिवर्तन हुँदै जान्छ। बाल्यकालमा, व्यक्तिको मुख्य ध्यान सिकाइ, खेलकुद र आधारभूत विकासमा हुन्छ। यहाँ अभिभावक र शिक्षकको मार्गदर्शन महत्वपूर्ण हुन्छ, त्यसैले पढाइ नै पहिलो प्राथमिकता बन्छ। किशोर तथा युवावस्थामा, व्यक्ति आफ्नो पहिचान बनाउन खोज्छ । करियर निर्माण, सीप विकास, आर्थिक स्वतन्त्रता र आत्मनिर्भर बन्ने लक्ष्य प्रमुख हुन्छ। यस चरणमा प्रतिस्पर्धा पनि बढी हुने भएकाले पैसा र पेशागत सफलता प्राथमिकतामा पर्छ। विवाहपछि वा पारिवारिक जीवनमा, जिम्मेवारीहरू बढ्छन् । जीवनसाथी, सन्तान र परिवारको सुरक्षालाई ध्यान दिनुपर्छ। त्यसैले स्थायित्व, बचत, घरपरिवारको सुख-शान्ति पहिलो प्राथमिकता बन्छ। बुढ्यौलीतर्फ जाँदा, मानिसले जीवनलाई फरक दृष्टिले हेर्न थाल्छ। स्वास्थ्य, मानसिक शान्ति, आध्यात्मिकता र सन्तुष्टि महत्वपूर्ण हुन्छन्। यस समयमा "धेरै पाउनु" भन्दा "शान्त र सन्तुष्टि जीवन बाँच्नु" ठूलो कुरा बन्छ । यसरी प्रत्येक जीवन चरणले मानिसलाई नयाँ जिम्मेवारी, नयाँ अनुभव र नयाँ सोच दिन्छ। फलस्वरूप, पहिले अत्यन्त महत्वपूर्ण लागेको कुरा पछि कम महत्वपूर्ण हुन सक्छ, र नयाँ प्राथमिकताहरू अघि आउँछन्। यही परिवर्तनशीलता नै जीवनको स्वाभाविक प्रक्रिया हो, जसले मानिसलाई क्रमशः परिपक्व र सन्तुलित बनाउँदै लैजान्छ। त्यसैले पहिले पहिलो प्राथमिकता परेको कुरा पछि दोस्रो-तेस्रो हुँदै जान्छ।

२. आवश्यकता पूरा भइसकेपछि -Need Shift ÷ Need satisfied effect

जब कुनै लक्ष्य पूरा हुन्छ, त्यो लक्ष्य स्वतः पहिलो प्राथमिकताबाट तल झर्छ र नयाँ आवश्यकता अगाडि आउँछ । यो मानवीय स्वभाव हो । मानिस सधैं अर्को स्तरतर्फ बढ्न खोज्छ । जब मानिस कुनै कुरा अभावमा हुन्छ, उसले त्यसलाई पूरा गर्न सबैभन्दा बढी ध्यान दिन्छ, जसले अभाव (बिअप) लाई पूर्तिको (fulfillment) दिशामा लैजान्छ । सुरुमा आर्थिक कठिनाइ हुँदा कमाइ (earning) नै जीवनको मुख्य लक्ष्य हुन्छ, तर जब पर्याप्त कमाइ भइसकेपछि मानिसले बुझ्न थाल्छ कि केवल पैसा मात्र पर्याप्त होइन, त्यसपछि उसको ध्यान जीवनको गुणस्तर (त्रगबष्तिथ या षिभ) तर्फ सर्छ, जहाँ समय, शान्ति र स्वतन्त्रता बढी महत्वपूर्ण हुन्छन्। त्यस्तै, प्रारम्भमा मानिस बाह्य उपलब्धि जस्तै पद, प्रतिष्ठा र धनमा केन्द्रित हुन्छ, तर अनुभव र परिपक्वतासँगै उसले आन्तरिक सन्तुष्टि (inner satisfaction) नै वास्तविक सफलता हो भन्ने महसुस गर्न थाल्छ। यसरी, मानिसको प्राथमिकता बाह्य उपलब्धिबाट आन्तरिक सन्तुलनतर्फ, कमाइबाट जीवनको गुणस्तरतर्फ र अभावबाट पूर्तितर्फ क्रमशः रूपान्तरण हुँदै जान्छ, जसले उसको जीवनलाई अझ अर्थपूर्ण र सन्तुलित बनाउँछ।यो परिवर्तनलाई "ल्भभम क्जषत" भनिन्छ, जहाँ पुरानो आवश्यकता पूरा भएपछि नयाँ, अझ गहिरो र अर्थपूर्ण आवश्यकता जन्मिन्छ । यसले देखाउँछ कि मानिसको चाहना स्थिर हुँदैन। एक लक्ष्य प्राप्त गरेपछि अर्को लक्ष्य जन्मिन्छ, र प्राथमिकता पनि त्यही अनुसार फेरिन्छ ।

३. नयाँ जिम्मेवारी थपिनु -New responsibilities.

मानिसको जीवनमा जिम्मेवारीहरू समयसँगै बढ्दै जान्छन्, र यही जिम्मेवारीहरूको विस्तारले उसको प्राथमिकता पनि निरन्तर परिवर्तन गराउँछ । जब व्यक्ति विवाह गर्छ, उसले श्रीमान/श्रीमती, बुहारी वा ज्वाइँको रूपमा नयाँ भूमिकाहरू स्वीकार गर्नुपर्छ, जसले उसको व्यक्तिगत चाहनाभन्दा बढी सम्बन्ध र परिवारको जिम्मेवारीलाई महत्व दिन बाध्य बनाउँछ। त्यसैगरी, सन्तान जन्मिएपछि आमा वा बुवाको जिम्मेवारी थपिन्छ, जहाँ बच्चाको हेरचाह, शिक्षा र भविष्य पहिलो प्राथमिकता बन्छ । अझै अगाडि बढ्दै जाँदा, परिवारको अभिभावकको रूपमा सम्पूर्ण घरपरिवारको सुख-शान्ति, सुरक्षा र व्यवस्थापनको जिम्मेवारी पनि बढ्छ । साथै, पेशागत जीवनमा पनि कामधाम र करियर सम्बन्धी दायित्वहरूले समय, ध्यान र ऊर्जा माग्छन्। यी सबै नयाँ जिम्मेवारीहरू थपिँदै जाँदा मानिसले आफ्नो पुरानो प्राथमिकता पुनःसमायोजन गर्नुपर्छ, र कहिलेकाहीँ नयाँ जिम्मेवारी नै पहिलो प्राथमिकता बन्न पुग्छ । यसरी, जिम्मेवारीको वृद्धि सँगै मानिसको दिशा र प्राथमिकता स्वाभाविक रूपमा परिवर्तन हुँदै जान्छ ।

४. अनुभवले सोच बदल्नु -Experience changes mindset.

अनुभवले मानिसलाई जीवनका वास्तविकता बुझ्न मद्दत गर्छ र त्यसले उसको प्राथमिकता नै परिवर्तन गरिदिन्छ । जब मानिस कुनै कठिन परिस्थिति भोग्छ, त्यसबाट उसले नयाँ पाठ सिक्छ र भविष्यका निर्णयहरू फरक ढङ्गले लिन थाल्छ । उदाहरणका लागि, यदि कुनै व्यक्तिको स्वास्थ्य बिग्रियो भने उसले पैसा वा कामभन्दा पहिले स्वास्थ्यलाई नै पहिलो प्राथमिकता दिन थाल्छ, किनकि उसले बुझ्छ कि स्वस्थ शरीर बिना कुनै सफलता अर्थहीन हुन्छ। त्यसैगरी, यदि कसैले धोका वा विश्वासघातको अनुभव गऱ्यो भने उसले सम्बन्ध र विश्वासलाई सबैभन्दा महत्वपूर्ण कुरा मान्न थाल्छ, किनकि उसले भावनात्मक सुरक्षा र भरोसाको मूल्य बुझ्छ । त्यस्तै, अत्यधिक कामको तनाव वा दबाबको अनुभवले मानिसलाई मानसिक शान्ति, आराम र सन्तुलनलाई पहिलो प्राथमिकता बनाउन सिकाउँछ। यसरी, अनुभव केवल ज्ञान होइन, जीवन बदल्ने शिक्षक पनि हो, जसले मानिसको सोच, दृष्टिकोण र प्राथमिकता क्रमशः परिष्कृत र परिमार्जित गर्दै लैजान्छ।

५.उमेरसँगै मूल्य (Values) बदलिनु

उमेर बढ्दै जाँदा मानिसको सोच क्रमशः गहिरो, परिपक्व र यथार्थपरक हुँदै जान्छ । जीवनको प्रारम्भिक चरणमा मानिस प्रायः बाह्य आकर्षणहरूमा केन्द्रित हुन्छ– जस्तै पैसा कमाउने चाहना, रमाइलो गर्ने प्रवृत्ति, ख्याति प्राप्त गर्ने इच्छा र समाजमा प्रसिद्ध बन्ने लक्ष्य। यी कुराहरू उसलाई सफलताको प्रमुख आधार जस्तो लाग्छ । तर समय, अनुभव र जीवनका विभिन्न उतार-चढाव पार गर्दै जाँदा मानिसको दृष्टिकोण परिवर्तन हुन्छ । उमेर बढ्दै जाँदा उसले बुझ्न थाल्छ कि केवल पैसा वा प्रसिद्धि मात्र जीवनको पूर्णता होइन । त्यसपछि उसको प्राथमिकता परिवर्तन भएर अर्थपूर्ण जीवन, मानसिक शान्ति, सन्तुलन र परिवारसँगको आत्मीय सम्बन्धतर्फ सर्दै जान्छ । परिवार, नजिकका सम्बन्ध र आन्तरिक सन्तुष्टि नै वास्तविक खुशीका स्रोत हुन् भन्ने महसुस उसले गर्न थाल्छ। यसरी, उमेर र अनुभवसँगै हुने यस परिवर्तनलाई "खबतगचष्तथ कजषत" भनिन्छ, जसले मानिसलाई बाह्य सफलताबाट आन्तरिक सन्तोष र जीवनको गहिरो अर्थतर्फ मार्गदर्शन गर्छ।

६.डर र सुरक्षा -Fear & Security।

मानिसको प्राथमिकता धेरैजसो डर र असुरक्षाको अनुभूतिबाट पनि प्रभावित हुन्छ। जब जीवनमा कुनै खतरा वा अनिश्चितता देखा पर्छ, मानिसको ध्यान तुरुन्तै त्यही समस्याको समाधानतर्फ केन्द्रित हुन्छ। उदाहरणका लागि, यदि कुनै व्यक्ति बेरोजगार भयो भने उसको पहिलो प्राथमिकता रोजगारी पाउनु र आर्थिक स्थायित्व बनाउनु हुन्छ, किनकि उसले भविष्य असुरक्षित महसुस गर्छ। त्यसैगरी, यदि कोही बिरामी भयो भने स्वास्थ्य नै सबैभन्दा महत्वपूर्ण बन्छ, किनकि जीवन बचाउनु अन्य सबै कुरा भन्दा ठूलो आवश्यकता हुन्छ । आर्थिक समस्याको अवस्थामा पनि मानिसले खर्च कम गर्ने, बचत गर्ने र आर्थिक सुरक्षा सुनिश्चित गर्ने कुरालाई पहिलो प्राथमिकता बनाउँछ। यसरी, जहाँ खतरा, जोखिम वा असुरक्षाको अनुभूति हुन्छ, त्यही कुरा मानिसको जीवनमा सबैभन्दा अगाडि आउँछ। डरले मानिसलाई सचेत बनाउँछ र उसलाई आफ्नो प्राथमिकता पुनःनिर्धारण गर्न बाध्य पार्छ, जसले उसको निर्णय र व्यवहारमा प्रत्यक्ष प्रभाव पार्छ ।

७. परिवेश र अवसर -Environment & Opportunities.

मानिसको प्राथमिकता उसले बस्ने वातावरण र पाउने अवसरसँग गहिरो रूपमा जोडिएको हुन्छ । जहाँ मानिस बस्छ, त्यहीको सामाजिक संरचना, जीवनशैली र अवसरहरूले उसको सोच र निर्णयलाई प्रभाव पार्छ । शहरमा बस्ने मानिसहरू सामान्यतया तीव्र प्रतिस्पर्धा, आधुनिक शिक्षा र करियर विकासको अवसरसँग जोडिएका हुन्छन्, त्यसैले उनीहरूले करियर, पैसा र व्यक्तिगत प्रगति (growth) लाई बढी प्राथमिकता दिन सक्छन् । त्यसको विपरीत, गाउँमा बस्ने मानिसहरूको जीवन तुलनात्मक रूपमा सरल, परिवारकेन्द्रित र स्थिर हुन्छ, जसले गर्दा उनीहरूले सम्बन्ध, पारिवारिक जिम्मेवारी र दीर्घकालीन स्थायित्वलाई बढी महत्व दिन्छन् । त्यस्तै, जब कुनै व्यक्तिले विदेश जाने अवसर पाउँछ, उसको प्राथमिकता फेरि परिवर्तन हुन सक्छ। उसले नयाँ देशमा बसाइ, राम्रो आम्दानी, सीप विकास र भविष्य सुरक्षित गर्ने कुरालाई पहिलो प्राथमिकता दिन थाल्छ । यसरी, वातावरण र अवसरले मानिसको सोच, लक्ष्य र प्राथमिकता निरन्तर बदल्दै लैजान्छ, जसले उसको जीवनको दिशा निर्धारण गर्न महत्वपूर्ण भूमिका खेल्छ ।

८.सामाजिक प्रभाव :

साथीभाइ, परिवार, समाज र मिडियाले मानिसको सोच, व्यवहार र निर्णयमा गहिरो प्रभाव पार्छ । मानिस सामाजिक प्राणी भएकाले उसले आफ्ना वरिपरिका मानिसहरूलाई हेरेर धेरै कुरा सिक्छ र त्यसैअनुसार आफ्नो लक्ष्य तथा प्राथमिकता पुनःनिर्धारण गर्छ । उदाहरणका लागि, यदि कुनै व्यक्तिले आफ्नो साथीहरू वा नजिकका मानिसहरू सफल भएको देख्छ भने, उसमा पनि त्यस्तै सफलता हासिल गर्ने इच्छा जाग्न सक्छ, जसले उसको ध्यान करियर, व्यवसाय वा नयाँ अवसरतर्फ मोड्न सक्छ। त्यस्तै, परिवारको अपेक्षा र सुझावले पनि मानिसको प्राथमिकता परिवर्तन गर्न सक्छ, किनकि धेरैजसो निर्णयहरू परिवारको भविष्यसँग जोडिएका हुन्छन् । समाजमा देखिने जीवनशैली, सफल व्यक्तिहरूको कथा र मिडियामा आउने प्रेरणादायी सामग्रीहरूले पनि मानिसको सोचमा ठूलो असर पार्छ। सामाजिक सञ्जाल र टेलिभिजनमा देखिने सफलताको चित्रणले मानिसलाई आफ्नो वर्तमान अवस्थाभन्दा फरक लक्ष्यतर्फ आकर्षित गर्न सक्छ । यसरी, सामाजिक प्रभावले मानिसको चाहना, लक्ष्य र प्राथमिकता निरन्तर परिमार्जन गर्दै लैजान्छ, जसले उसको जीवनको दिशा र निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्छ ।

९.समयको मूल्य बुझेपछि -Realization of Time Value_

उमेर बढ्दै जाँदा मानिसले समयको वास्तविक महत्व बुझ्न थाल्छ। युवावस्थामा समय पर्याप्त छ जस्तो लाग्ने भएकाले धेरैजसो मानिस अनावश्यक काम, मनोरञ्जन वा अस्थायी खुशीतर्फ आकर्षित हुन्छन्। तर अनुभव बढ्दै जाँदा र जिम्मेवारी थपिँदै जाँदा समय सीमित र अत्यन्त मूल्यवान छ भन्ने अनुभूति हुन थाल्छ । यसपछि मानिसको प्राथमिकता पनि परिवर्तन हुन्छ। ऊ अनावश्यक कुरामा समय खर्च गर्नुको सट्टा अर्थपूर्ण काम, करियर विकास, र दीर्घकालीन लक्ष्यतर्फ ध्यान दिन थाल्छ ।

त्यस्तै, सम्बन्धको महत्व पनि अझ स्पष्ट हुन्छ । परिवार, नजिकका साथीभाइ र प्रियजनसँग गुणस्तरीय समय बिताउन कुरालाई ऊ बढी प्राथमिकता दिन्छ । साथै, आत्मसन्तुष्टि (self–satisfaction) र मानसिक शान्ति पनि महत्वपूर्ण बन्दै जान्छ । मानिसले बुझ्छ कि केवल व्यस्त हुनु मात्र सफलता होइन, बरु सही कुरामा समय लगाउनु नै वास्तविक उपलब्धि हो। यसरी, समयको मूल्य बुझिसकेपछि मानिसको जीवन अझ व्यवस्थित, उद्देश्यपूर्ण र सन्तुलित बन्छ, जसले उसको प्राथमिकता गहिरो रूपमा परिवर्तन गरिदिन्छ ।

१०. आत्मचिन्तन र आत्मबोध

जब मानिसले आफूलाई राम्रोसँग बुझ्न थाल्छ, उसले आफ्नो वास्तविक चाहना, क्षमता र जीवनको उद्देश्य पहिचान गर्न थाल्छ । यो प्रक्रिया आत्मचिन्तन (self–reflection) र आत्मबोध (self–awareness) बाट सुरु हुन्छ, जहाँ मानिसले बाह्य प्रभावभन्दा बढी आफ्नो भित्री आवाज सुन्न सिक्छ। पहिले समाज, परिवार वा परिस्थितिले बनाइदिएको लक्ष्यलाई नै आफ्नो लक्ष्य ठानेको व्यक्ति पछि आफू वास्तवमै के चाहन्छु भन्ने प्रश्न गर्न थाल्छ । यही सोच परिवर्तनले उसको प्राथमिकता पनि फेरिन्छ।

उदाहरणका लागि, पहिले पैसा वा पदलाई मात्र सफलता ठान्ने व्यक्ति पछि आफ्नो रुचि, मानसिक शान्ति र अर्थपूर्ण जीवनलाई बढी महत्व दिन थाल्छ । आत्मबोधले मानिसलाई अनावश्यक दबाब र गलत प्रतिस्पर्धाबाट टाढा राख्दै सही दिशा छनोट गर्न मद्दत गर्छ। यसले जीवनलाई केवल बाँच्ने प्रक्रिया होइन, अर्थपूर्ण यात्रा बनाउँछ। यसरी, जब मानिस आफूलाई बुझ्न थाल्छ, उसले आफ्नो जीवनका वास्तविक मूल्यहरू (खबगिभक) अनुसार प्राथमिकता पुनःनिर्धारण गर्छ, जसले उसको निर्णय, लक्ष्य र जीवनशैलीमा गहिरो परिवर्तन ल्याउँछ।

११. प्रविधि र समयको परिवर्तन

समयसँगै प्रविधि तीव्र रूपमा विकसित हुँदै जाँदा मानिसको जीवनशैली, काम गर्ने तरिका र सोचमा गहिरो परिवर्तन आएको छ। यही परिवर्तनले मानिसको प्राथमिकतामा पनि ठूलो असर पार्छ। पहिले स्थायित्व (job security) सबैभन्दा महत्वपूर्ण मानिन्थ्यो ।सरकारी जागिर, पेन्सन र दीर्घकालीन सुरक्षा नै मुख्य लक्ष्य हुन्थ्यो ।

तर अहिलेको डिजिटल युगमा लचकता (flexibility, ;Lk - skills) र अवसर (opportunities) बढी महत्वपूर्ण भएका छन् । मानिसहरूले अब एकै जागिरमा सीमित रहनुभन्दा नयाँ-नयाँ सीप सिक्ने, अनलाइन काम गर्ने, र स्वतन्त्र रूपमा कमाउने (freelancing, remote work) कुरालाई प्राथमिकता दिन थालेका छन् । प्रविधिले आयका स्रोतहरू विविध बनाएको छ ।

जस्तै अनलाइन व्यवसाय, डिजिटल मार्केटिङ, कन्टेन्ट क्रिएसन, आईटी सेवाहरू आदि । यसले मानिसलाई "एक मात्र बाटो" होइन, धेरै विकल्पहरू छन् भन्ने सोच दिन्छ। फलस्वरूप, प्राथमिकता पनि स्थायित्वबाट अवसर र विकासतर्फ सर्दै जान्छ।

अर्कोतर्फ, प्रविधिले समय र ध्यानमा प्रतिस्पर्धा पनि बढाएको छ । सामाजिक सञ्जाल, अनलाइन प्लेटफर्महरूले मानिसको ध्यान तान्छन्, जसले कहिलेकाहीँ प्राथमिकता विचलित बनाउन सक्छ। त्यसैले अहिलेको समयमा डिजिटल अनुशासन (digital discipline) र समय व्यवस्थापन पनि नयाँ प्राथमिकता बनेको छ ।

१२. प्रतिस्पर्धा र दबाव

आधुनिक समाजमा प्रतिस्पर्धा बढ्दै जाँदा मानिसले आफ्नो प्राथमिकता पनि त्यही अनुसार मिलाउँछ। अरूभन्दा अगाडि बढ्न, सुरक्षित हुन वा सफल देखिन मानिसले आफ्नो लक्ष्य परिवर्तन गर्छ।

एफएनसीसीआईमा ८७ पदका लागि १३५ जना भिड्दै, यी हुन उम्मेदवार

काठमाडौं/नेपाल उद्योग वाणिज्य महासंघ (एफएन सीसीआई) को अध्यक्ष बाहेकको नयाँ नेतृत्व चयनका लागि मंगलबार बिहान ८ बजेदेखि निर्वाचन प्रक्रिया सुरु हुँदैछ। ललितपुरको ग्वार्खोस्थित रोयल टुलिप होटलमा उद्घाटन गरेको महासंघको ६० औं साधारण सभापछि नयाँ नेतृत्व चयनको निर्वाचन प्रक्रिया भने काठमाडौंको कमलादीमा हुँदैछ।

अहिलेको निर्वाचनबाट उपाध्यक्ष र कार्यकारिणी सदस्यहरू चयन गर्ने छ। निर्वाचित कार्यसमितिले वरिष्ठ उपाध्यक्षसहित कोषाध्यक्ष निर्वाचित गर्ने छ। महासंघको विद्यमान विद्यमान अनुसार एक पटकका लागि वरिष्ठ उपाध्यक्ष स्वतः अध्यक्ष हुने प्रावधान रहेकोले यो पटक उपाध्यक्ष र कार्यकारिणी सदस्यहरूको पदमा मात्र निर्वाचन हुँदैछ। अवको तीन वर्षपछि हुने निर्वाचनमा भने अध्यक्षसहित सबै पदमा निर्वाचन हुने छ।

महासंघले गठन गरेको निर्वाचन समितिको कार्यालयका अनुसार उपाध्यक्षसहित विभिन्न पदमा ८७ जना चयन हुनेछन्। ८७ जनामा निर्वाचित हुनका लागि १३५ जनाले उम्मेदवारी दिएका छन्।

अर्थात्, ८७ पदका लागि १३५ जनाबीच निर्वाचन हुँदैछ। जिल्ला, नगर उद्योग वाणिज्य समूह निर्वाचन आयोगले सार्वजनिक गरेको अन्तिम नामावली अनुसार जिल्ला, नगर उद्योग वाणिज्य समूहको २ जना उपाध्यक्षका लागि ४ जनाको उम्मेदवारी परेको छ।

उपाध्यक्षका लागि झापा उद्योग वाणिज्य संघबाट उमेश डालमीया, दार्चुला उद्योग वाणिज्य संघका कल्पना गैरे, सिद्धार्थ उद्योग वाणिज्य संघका कृष्ण प्रसाद शर्मा र धुलिखेल उद्योग वाणिज्य संघका दिल सुन्दर श्रेष्ठ रहेका छन्। जिल्ला, नगर उद्योग वाणिज्य कार्यकारिणी सदस्य

जिल्ला, नगर उद्योग वाणिज्य कार्यकारिणी सदस्यको १५ पदका लागि २२ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

जसमा अर्जुन कुमार श्रेष्ठ, उज्वल प्रसाद कसजु, केशव प्रसाद भण्डारी, कृष्ण कटुवाल, गोकुल श्रेष्ठ, छत्रधर आत्रेय, डासु राज पोखरेल, ताराबहादुर कार्की, दिपक नेपाल, प्रयास कार्की, मञ्जु कुमार श्रेष्ठ कोजु, मोहन प्रसाद श्रेष्ठ, युवराज राजभण्डारी, राजु न्यौपाने, लक्ष्मण राज पौडेल, लालीमान बुढा, विष्णु प्रसाद थपलिया, शंकर गिरी, शिवप्रसाद मानन्धर, सन्तोष खड्का, सुर्दशन कार्की र हरिप्रसाद अर्याल रहेका छन्। यस्तै २ जना महिला कार्यकारिणी सदस्यका लागि गीता अमात्य, रोशनी मैया धौवन्जा, सुस्मा महरा (श्रेष्ठ) र हिरा भट्टराई रहेका छन्।

जिल्ला, नगर उद्योग वाणिज्य समूह अन्तरगत प्रत्येक प्रदेशबाट २/२ जना गरी १४ जना निर्वाचित हुने छन्। ती पदका लागि मधेश प्रदेशबाट अमरनाथ शाह, विरेन्द्रप्रसाद शाह, मोहनप्रसाद शर्मा र हरिप्रसाद गौत्तम रहेका छन्। बागमती प्रदेशबाट कुमार खनाल, प्रकाश मानन्धर, राजकुमार न्यौपाने, रामेश्वर मानन्धर र सविन श्रेष्ठ रहेका छन्।

गण्डकी प्रदेशबाट ओमप्रसाद पौडेल(कृष्ण), चेतनारायण श्रेष्ठ, धर्मराज बस्याल, पविन्द्र कुमार श्रेष्ठ र सुविन श्रेष्ठ छन्। लुम्बिनी प्रदेशबाट टंकबहादुर धामी, यक्षप्रसाद भट्टराई र वालकृष्ण सुवेदी छन्। कर्णाली प्रदेशबाट भने निर्विरोध निर्वाचित भएका छन्। त्यहाँबाट दुई जना पदमबहादुर शाही र पुरिचन्द्र देबकोटाको मात्र उम्मेदवारी परेको छ। यस्तै सुदूरपश्चिम प्रदेशका लागि दानबहादुर सुर्मेदी, पदमराज चौलागाई र पिताम्बर जोशीको उम्मेदवारी परेको छ।

वस्तुगत उपाध्यक्ष

वस्तुगत उपाध्यक्ष १ जनाका लागि दुई जनाको उम्मेदवारी परेको छ। जसमा नेपाल निर्यात परिषद्को तर्फबाट नरेशलाल श्रेष्ठ र नेपाल एलपि ग्यास उद्योग संघको तर्फबाट शिवप्रसाद घिमिरे रहेका छन्।

कार्यकारिणी सदस्य

वस्तुगततर्फको १३ जना कार्यकारिणी सदस्यका लागि २६ जनाको उम्मेदवारी परेको छ। जसमा अरनिको राजभण्डारी, एमबहादुर मगर, कृष्णभक्त श्रेष्ठ, दुर्गाप्रसाद सुवेदी, धनप्रसाद लामिछाने, धर्मराज सापकोटा, धुवबहादुर गौतम, नानीराज घिमिरे, निराजनबहादुर चलाउने, पशुपतीदेव पाण्डे, बसन्तचन्द्र मरहट्टा, बिदुर धमला, भक्तबहादुर हमाल, र घुनन्दन मारु, रविन पुरी, राजकुमार कार्की(राजु) राजेन्द्र संग्रौला, राजेशभक्त श्रेष्ठ, लिलेन्द्रप्रसाद प्रधान, विप्लव अधिकारी, संघर्ष विष्ट, सागर ढकाल, सुबोध कुमार गुप्ता, सुरज बन्जाडे, हरिबहादुर कार्की र होमप्रसाद घिमिरे रहेका छन्।

१ जना महिला कार्यकारिणी सदस्यका लागि कमला श्रेष्ठ र सुनिता न्हेम्हाफुकीको उम्मेदवारी परेको छ। वस्तुगत महासंघको दुई जना कार्यकारिणी सदस्यका लागि ४ जनाको उम्मेदवारी परेको छ। जसमा कृष्णप्रसाद अवाल, विश्वनाथ खनाल, सुधिर पराजुली र सुनैना घिमिरे रहेका छन्।

एसोसिएट उपाध्यक्ष

एसोसिएट उपाध्यक्ष १ जनाका लागि २ जनाको उम्मेदवारी परेको छ। जसमा सयपत्री(मेरिगोल्ड) ज्वेलर्सका ज्योत्सना श्रेष्ठ सुब्बा र लोमस फर्मास्यूटिकल्स प्रालिका प्रवलजंग पाण्डे रहेका छन्।

यस्तै १७ कार्यकारिणी सदस्यका लागि ३३ जनाको उम्मेदवारी परेको छ। जसमा अविनाश बोहरा, अम्बिका प्रसाद पौडेल, अम्बिका शर्मा लामिछाने, इश्वरबहादुर जिसी, ई. देशबन्धु बस्नेत(अजित), ई. बिनोद ढकाल, उज्ज्वल कुमार श्रेष्ठ, ऋषि अग्रवाल, कृष्णलाल महर्जन, गोपाल खनाल, चन्द्रप्रसाद ढकाल, जश श्रेष्ठ, डा. रामशरण थपलिया, डोलप्रसाद अधिकारी, दिवश न्यौपाने, प्रियराज रेग्मी, बटु लामिछाने, बलराम सापकोटा, बाबुकाजी कार्की, भरत रानाभाट, राजकुमार तिमिल्सिना, रामराजा श्रेष्ठ, राजेशकुमार अग्रवाल, रामशरण भण्डारी, शक्तिकमार वेगानी, शैलेन्द्र गुरागाई, सचिन ढकाल, सन्दिप अग्रवाल, सुनिल नारायण श्रेष्ठ, सुयस प्याकुरेल, सुरज उप्रेती, सुशिल थापा र हेमन्त गोल्छा रहेका छन्।

२ जना महिला सदस्यका लागि ४ जनाको उम्मेदवारी परेको छ। जसमा अभिज्ञा मल्ल, जमुना पौडेल, जुना माथेमा र शोभा ज्ञवाली रहेको छ। द्धिराष्ट्रिय उद्योग वाणिज्य संघको १ सदस्यका लागि २ जनाको उम्मेदवारी परेको छ।

जसमा मनोज पौडेल र सन्तोषचन्द कुवरबीच प्रतिस्पर्धा हुने छ। २ जना संस्थापक सदस्यका लागि ३ जनाको उम्मेदवारी परेको छ। जसका लागि गोपाल श्रेष्ठ, टिकाराज ढकाल र सुमन कुमार श्रेष्ठबीच प्रतिस्पर्धा हुने छ। महासंघको निर्वाचन प्रक्रिया सम्पन्न गर्नका लागि मुख्य निर्वाचन अधिकृतको रूपमा लीलामणि पौडेल चयन गरिएको छ।

पोखरामा अनधिकृत संरचना हटाउने सूचना ७ दिनभित्र खारेज गर्न माग गर्दै सुकुम्बासीले बुझाए

कास्कीको/पोखरा महानगर पालिकाभित्र विभिन्न ठाउँमा बस्दै आएका सुकुम्बासीले सोमबार जिल्ला प्रशासन कार्यालयमा पुगी प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मासमक्ष ज्ञापन बुझाएका छन्।

सुकुम्बासी तथा अव्यवस्थित बस्तीलाई स्थानान्तरण गर्नुपरेमा उपयुक्त स्थानमा दीर्घकालीन रूपमा बसोबासको व्यवस्थापन गरिदिने मागसहित उनीहरूले ज्ञापनपत्र बुझाएका हुन्। पोखरा महानगर पालिकाले सार्वजनिक जग्गाका अनधिकृत संरचना हटाउन जारी गरेको ३५ दिने सूचना ७ दिनभित्र खारेज गर्न माग गर्दै उनीहरूले नाराबाजीसमेत गरेका थिए।

भूमिहीनहरूलाई गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारको व्यवस्था गरिनुपर्ने माग गर्दै सरकारले विकल्प नदिएसम्म हाल बसिरहेको ठाउँ कुनै पनि हालतमा खाली नगर्ने उनीहरूले चेतावनी दिएका छन्। राष्ट्रिय भूमि अधिकार मञ्च गण्डकीका अध्यक्ष तथा भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार संघर्ष समितिका सल्लाहकार रामबहादुर लामिछानेले भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई निस्सा प्रमाणका आधारमा घरधुरी कर तिर्ने व्यवस्था लागू गर्नुपर्ने बताए।

अव्यवस्थित बसोबासीहरूलाई वर्गीकरण गरी उनीहरूका समस्या समाधान गर्न स्थानीय तह र महानगरपालिकाले समन्वय गरी भूमि समस्या समाधान आयोग कास्कीमा सिफारिस गर्न उनले माग गरे।

ज्ञापनपत्रमा भनिएको छ, 'संविधानको मौलिक हकको धारा ३७ को (१) अनुसार प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने उल्लेख छ भने धारा ४० को (५) भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ। धारा ५१ ज ६ मुक्त कमैया, कमलरी, हरूवा, चरवा, हलिया, भूमिहीन सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनः स्थापना गर्ने । भूमिसम्बन्धि (आठौं संशोधन) ऐन २०७६/१०/२८ परिच्छेद-१० ५२ 'ग' अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने, (१) प्रचलित कानुनमा वा अन्य सरकारी जग्गा वा अभिलेखमा वन क्षेत्र जनिएको भए तापनि आवादीमा परिणत भएको जग्गामा कम्तीमा दश वर्ष अघिदेखि आबाद-कमोत गरिआएका अव्यवस्थित बसोवासीलाई एकपटकका लागि नेपाल सरकारले निजहरूले आवाद कमोत गर्दै आएको स्थानमा तोकिएको क्षेत्रफलको हदमा नबढ्ने गरी जग्गा उपलब्ध गराउन सक्नेछ भन्ने व्यवस्था गरिएको छ।'

भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार संघर्ष समिति कास्कीका संयोजक प्रेमबहादुर गुरुङ, भूमिहीन तथा अव्यवस्थित बसोबासी सरोकार सह-संयोजक रमेश बलकोटीले संयुक्त रूपमा बुझाएको ज्ञापनपत्रमा भनिएको छ, 'पोखरा-९, पृथ्वीचोकमा सरकारले व्यवस्थित बसपार्क बनाउने योजना ल्याएको छ । अगाडि बसपार्कवरिपरि रहेका भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरू-लाई उचित व्यवस्थापन गरी बसपार्क निर्माण कार्य सुरु गरियोस्।

आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा



आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ । स्थानः रातोमाटे भोर्ले ।
सम्पर्क नं. : ९८४५०२८५०८, ९८४५०३१३४७

हेटौंडा सन्देश दैनिक
म.जि.प्र.का.द.नं:२६/०५८/०५९, म.जि.हु.द.नं:०७/०६३/०६४
२५ औं वर्ष
समाचार
मंगलबार २२ बैशाख २०८३
Tuesday 6 May 2026
४

लगानी वृद्धिमा माग्यिो नीतिगत् सुधार

सन्देश संवाददाता

काठमाडौं/मुलुकमा लगानीको वातावरण बन्न नसकेको भन्दै निजीक्षेत्रका प्रतिनिधिहरुले सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टीलाई लगानीमैत्री वातावरण तयार गर्न आग्रह गरेका छन्। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आइतबार आयोजना गरेको निजीक्षेत्रसँगको संवाद कार्यक्रममा व्यवसायी तथा निजीक्षेत्रका प्रतिनिधिहरुले दुई तिहाइ बहुमत नजिकको सरकारसँग धेरै आश रहेको भन्दै मुलुकभित्र लगानीको वातावरण तयार गर्न विशेष प्याकेजहरुको घोषणा गर्न माग गरेका हुन्।

कार्यक्रममा रास्वपा सभापति रवि लामिछाने लगायत उद्योगी-व्यवसायीलाई नडराउन र नआत्तिन आग्रह गरे। नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, नेपाल चेम्बर अफ कमर्सलगायत निजीक्षेत्रका संस्थाका प्रतिनिधिहरुसँग छलफल गर्दै उनले रास्वपा र वर्तमान सरकारप्रति सशंकित नहुन आग्रह गरेका हुन्। उनले केही व्यवसायी तथा पात्रहरुले देशको अर्थतन्त्र नै आफ्नो मुठ्ठीमा नियन्त्रण गर्न गरी अघि बढेका कारण सरकार निर्मम भएर लाग्नुपरेको स्पष्ट पारे। सभापति लामिछानेले वास्तविक अर्थतन्त्रको विकासका लागि निजीक्षेत्रको समस्या सम्बोधन गर्नुपर्ने र त्यसको रोडम्याप रास्वपाले बनाइसकेको पनि जानकारी दिए। उनले समस्या सम्बोधनका लागि उद्योगी-व्यवसायीले आफ्नो घर र पार्टी कार्यालय धाउनै नपर्ने पनि स्पष्ट पारे।

छलफलमा महासंघ अध्यक्ष चन्द्र ढकालले निजीक्षेत्र शान्तिको क्षेत्र भएकाले सहजरुपमा काम गर्न दिन आग्रह गरे। अध्यक्ष ढकालले राजनीतिक नेतृत्वबाट प्राप्त स्पष्ट प्रतिबद्धता र आश्वासनले निजीक्षेत्रको खस्किएको आत्मविश्वास पुनर्स्थापित हुने विश्वास व्यक्त गरे। निजीक्षेत्रको लगानी र व्यावसायिक सक्रियता अभिवृद्धि गर्न राज्य र राजनीतिक दलहरुको सहयोग अपरिहार्य रहेको बताउँदै अध्यक्ष ढकालले रोजगारी सिर्जना, राजस्व वृद्धि र मुलुकको समग्र पूर्वाधार विकासमा निजीक्षेत्रको अहम् भूमिका रहने उल्लेख गर्दै नेतृत्वबाट प्राप्त सकारात्मक सन्देशले उद्योगी व्यवसायीमा नयाँ उत्साह सञ्चार गर्ने उल्लेख गरे।

परम्परागत् शैलीमा चलिरहेका कतिपय पद्धतिलाई सुधार गर्ने क्रममा केही अन्यौल देखिए पनि निजीक्षेत्रलाई पूर्ण सहयोग गर्ने र आफ्ना वाचापत्रअनुसार अगाडि बढ्ने राजनीतिक नेतृत्वको प्रतिबद्धता सराहनीय रहेको उनले बताए। पार्टी नेतृत्वको स्पष्ट मार्गदर्शन र सहयोगको आश्वासनले निजीक्षेत्रको मनोबल बढ्ने र यसले देशको आर्थिक विकासमा ठोस योगदान पुऱ्याउने विश्वाससमेत अध्यक्ष ढकालले व्यक्त गरे। निजीक्षेत्र र राज्यबीचको सहकार्यले मात्र आर्थिक समृद्धि सम्भव हुनेमा जोड दिए।

परिसंघ अध्यक्ष बीरेन्द्रराज पाण्डेले पुँजी निर्माण घटिरहेको अवस्थामा निजीक्षेत्रलाई प्रोत्साहन र हौसला बढाउनु आवश्यक रहेको उल्लेख गरे। आर्थिक स्थायित्वको अवस्था विरलै प्राप्त हुने उल्लेख गर्दै उनले यस अवसरलाई पुँजी निर्माण र उत्पादन वृद्धिमा उपयोग गर्नुपर्नेमा जोड दिए। अध्यक्ष पाण्डेले समाजमा आयआर्जन भन्दा पनि सम्पत्ति सिर्जनाको अवधारणालाई फरकढंगले हेरिनुपर्ने बताए। नेपालमा निजीक्षेत्रको कुल स्थिर पुँजी निर्माण घट्दो क्रममा रहेकोप्रति चिन्ता व्यक्त गर्दै उनले सम्पत्ति सिर्जनालाई प्रोत्साहन र सम्मान गर्ने सामाजिक वातावरण निर्माण गर्न आवश्यक रहेको औंल्याए। उनले सार्वजनिक र निजीक्षेत्रबीच विद्यमान विश्वासको संकटलाई सुधार गर्दै लैजानुपर्नेमा जोड दिए।

विकसित मुलुकहरुले अवलम्बन गरेको औद्योगिक विकास रणनीतिलाई नेपालले पनि पछ्याउनुपर्ने धारणा राख्दै उनले पुराना कानुनी अड्चन हटाउन माग गरे। कर्पोरेट कानुनहरुको व्यवस्था हुनुपर्ने उनको तर्क छ। यस सन्दर्भमा भारतले जनविश्वास बिलमार्फत् धेरै ऐनका कसुरहरुलाई परिमार्जन गरेको उदाहरण दिँदै उनले नेपालमा पनि लगानी विस्तारका लागि कानुनी सहजता आवश्यक रहेको बताए।

परिसंघले नेपाली अर्थतन्त्रलाई १ सय बिलियन डलरको आकारमा पुऱ्याउने लक्ष्यसहितको विस्तृत मार्गचित्र (रोडम्याप) तयार पारिरहेको जानकारी दिएको छ। उक्त मार्गचित्रअनुसार वार्षिक ६.५ प्रतिशत् औसत आर्थिक वृद्धिदर हासिल गर्न सके सन् २०३० सम्ममा नेपालको अर्थतन्त्र (नोमिनल जीडीपी) १ सय बिलियन डलर पुग्ने प्रक्षेपण गरिएको छ। परिसंघको लक्ष्यअनुसार सन् २०३९ सम्ममा वास्तविक टर्मामा १ सय बिलियन डलरको अर्थतन्त्र, सन् २०४६ सम्ममा नेपाललाई उच्चमध्यम आय भएको मुलुक बनाउने र सन् २०५० सम्ममा १ सय ९१ बिलियन डलरको अर्थतन्त्र निर्माण गर्ने सोच राखिएको छ। यसका लागि आवश्यक कानुनी प्रावधान र थप लगानीको खाका समेटिएको विस्तृत कार्ययोजना निकट भविष्यमा सार्वजनिक गरिने अध्यक्ष पाण्डेले जानकारी दिए।

चेम्बर अफ कमर्स कार्यवाहक अध्यक्ष दीपक मलहोत्रासहित स्पष्ट बहुमतसहित रास्वपा सरकारसँग ठूलो अपेक्षा रहेको भन्दै विकास निर्माण र आर्थिक सुधारमा सरकारले आवश्यक भूमिका खेल्नुपर्ने बताए। मल्होत्राले रास्वपाले अघि सारेको सात वर्षभित्र प्रतिव्यक्ति आय ३ हजार डलर पुऱ्याउने, १ सय बिलियन डलरको अर्थतन्त्र र उच्च आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य महत्वाकांक्षी भए पनि सम्भव रहेको बताए। तर, त्यसका लागि निजीक्षेत्रसँग सहकार्य हुन जरुरी रहेको बताए। उनले अनौपचारिक रुपमा भइरहेको कारोबारलाई औपचारिक अर्थतन्त्रमा ल्याउनुपर्नेमा जोड दिँदै त्यसका लागि भन्सार दर, आयकर, अन्तःशुल्क तथा विभिन्न दस्तुर घटाउनुपर्ने सुझाव दिए। कर दर घटाएर प्रणालीलाई सरल र आकर्षक बनाउनसके मात्र व्यवसायहरु औपचारिक दायरामा आउने उनको तर्क थियो।

कार्यक्रममा एनसेलका प्रमुख कार्यकारी अधिकृत (सीईओ) माइकल फोलेले नेपालको टेलिकम पूर्वाधार निकै कमजोर रहेको बताउँदै नेपालमा वातावरण तयार भए एनसेल थप लगानी गर्न तयार रहेको बताए। उनले हाल पूर्वाधार कमजोर भएकै कारण अन्तर्राष्ट्रियस्तरमा प्रतिष्पर्धा गर्ने क्षमता कमजोर भएको बताए। उनका अनुसार एनसेलले पर्यापत लगानी नेपालमा भित्र्याउन पाइरहेको छैन। सरकारी अवरोधले वैदेशिक प्रत्यक्ष लगानी भित्र्याउन समस्या भइरहेको बताउँदै उनले लगानीका लागि सहजीकरण गरिदिन रास्वपालाई आग्रह गरे। फोलेका अनुसार नेपालमा ५ जीमात्र होइन, फाइबर नेटवर्क, डाटा सेन्टर, अन्तर्राष्ट्रिय कनेक्टिभिटी र भूउग्रह कनेक्टिभिटी जस्ता आधारभूत पक्षमा व्यापक लगानी आवश्यक छ। केन्द्रीय बैंक डिजिटल मुद्रा, क्रिप्टो, एआई, कम्प्युटर सेवा, डिजिटल सेवा र ब्लकचेनजस्ता क्षेत्रमा लक्ष्य राख्ने हो भने सयौं मिलियन डलरको लगानी अनिवार्य हुने उनले बताए।

उद्योगी वरुण चौधरीले वर्तमान दुई तिहाइनजिकको सरकार प्रति निजीक्षेत्रको ठूलो अपेक्षा रहेको बताए। विदेशी लगानीकर्ताहरु नेपालका हाइड्रोपावर, विमानस्थल, पूर्वाधार, सूचनाप्रविधि र पर्यटन क्षेत्रमा सकारात्मक भए पनि उनीहरुलाई आकर्षित गर्ने उपयुक्त वातावरण अभाव रहेको उनले बताए। त्यसका लागि नेपालको अन्तर्राष्ट्रिय छवि सुधार्नु जरुरी रहेको बताउँदै उनले लगानीकर्तालाई आवश्यक सुविधा र भरोसाको वातावरण दिनुपर्ने बताए। चौधरीका अनुसार विभिन्न प्रोत्साहन प्याकेजमार्फत् विदेशी लगानी भित्र्याउन सकिन्छ।

उद्योगी किशोर प्रधानले आगामी बजेटमार्फत् सरकारले मुलुकमा मूल्य अभिवृद्धि करमा बहुदर प्रणाली लागु गर्नुपर्ने बताए। धेरै वर्षदेखि उठ्दै आएको विषय कर्मचारीतन्त्रको असहयोगका कारण लागु नभएको उनको आरोप थियो। हाल सूचनाप्रविधिको विकाससँगै बहुदर प्रणाली लागु गर्न सम्भव भएको भन्दै उनले एउटै १३ प्रतिशत् दरले सबै वस्तुमा कर लगाउनु उपयुक्त नहुने बताए।

कार्यक्रममा स्वतन्त्र ऊर्जा उत्पादक संघ इप्पान अध्यक्ष गणेश कार्कीलगायत निजीक्षेत्रका प्रतिनिधि हरुले निजीक्षेत्रसँग रास्वपाले गरेको संवादले मनबोल केही बढाएको बताए।

प्रथम युवा मानव अधिकार रक्षक सम्मेलन सम्पन्न

सन्देश संवाददाता

काठमाडौं/"मानव अधिकार संरक्षणका लागि अभियन्ताका रूपमा युवा" भन्ने नाराका साथ आयोजित युवा मानव अधिकार रक्षक सम्मेलन १७ बुँदे घोषणापत्र जारी गर्दै सम्पन्न भएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), रोयम नेपाल, डिजिटल राइट्स नेपाल, भिजिबल इम्प्याक्ट र राष्ट्रिय युवा परिषद् नेपालको संयुक्त आयोजनामा वैशाख १८ र १९ गते सम्पन्न उक्त सम्मेलन प्रतिनिधिसभाका उपसभामुख रुबी कुमारीको प्रमुख आतिथ्यता तथा इन्सेकका अध्यक्ष विजयराज गौतमको सभाध्यक्षतामा सम्पन्न भएको हो।

कार्यक्रममा बोल्दै उपस भामुख रुबी कुमारीले युवा मानव अधिकार रक्षकहरूको सम्मेलनलाई महत्वपूर्ण उपलब्धि भएको बताउँदै मधेशमा दाइजो प्रथाविरुद्ध अभियान सञ्चालन गरिरहेको स्मरण गरिन्। उनले बेरोजगारी समस्या समाधान र महिला अधिकारका लागि विशेष अभियान आवश्यक रहेको औंल्याउँदै सम्मेलनबाट पारित घोषणापत्र कार्यान्वयनमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन्।

इन्सेकका संस्थापक अध्यक्ष तथा राष्ट्रिय मानव अधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकरेलले मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ देखि नेपालले विभिन्न चुनौतीबीच अधिकारको कार्यान्वयन प्रयास गरिरहेको उल्लेख गरे।

उनले अधिकार आफ्का लागि मात्र नभई अरूका लागि पनि खोजिने भएकाले जिम्मेवारीमा रहेका व्यक्तिहरूले कर्तव्यका रूपमा काम गर्नुपर्ने धारणा राखे। लोकतन्त्रमा प्रश्न गर्ने अधिकार अत्यावश्यक रहेको भन्दै आवाजविहीनको आवाज नै मानव अधिकार भएको बताए। इन्सेक तथा फोरम एशियाका अध्यक्ष विजयराज गौतमले सम्मेलनमा देशभरबाट सहभागी युवाहरूले महत्वपूर्ण विषयमा छलफल गरी १७ बुँदे घोषणापत्र जारी गरेको उल्लेख गर्दै यसको कार्यान्वयनमा सरकारको भूमिका महत्वपूर्ण हुने विश्वास व्यक्त गरे।

राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले युवा विकासका लागि युथ भिजनमार्फत ठोस कार्ययोजना तयार गरिएको जानकारी दिँदै युवाहरूले मर्यादित र जिम्मेवार भाषाको प्रयोग गर्दै अघि बढ्नुपर्नेमा जोड दिए। नगरपालिका संघका कार्यकारी निर्देशक कलानिधि देवकोटाले नागरिक हितलाई प्राथमिकतामा राख्दै काम भइरहेको उल्लेख गर्दै सहरी गरिब, भूमिहीन तथा सुकुम्बासीको अधिकार सुनिश्चित हुने विश्वास व्यक्त गरे।

सम्मेलनमा नेपालको मानव अधिकार अवस्था, वैदेशिक रोजगारीका समस्या, यौनिक तथा प्रजनन स्वास्थ्य, दिगो विकास लक्ष्य तथा डिजिटल अधिकारलगायतका विषयमा छलफल गरिएको इन्सेक बागमती प्रदेश संयोजक शिव खकुरेलले जानकारी दिए।

बैकुण्ठमा बर्थिङ सेन्टर सुरु

सन्देश संवाददाता

हेटौंडा/कैलाश गाउँपालिका वडा नम्बर २ बैकुण्ठमा बर्थिङ सेन्टर तथा प्रसुती केन्द्र सञ्चालनमा आएको छ। धादिङ जिल्लाको रोराङ बेंनिघाट गाउंपालिका वडा ४ नम्बर सँग सिमाना गाँसिएको कैलाश बैकुण्ठ क्षेत्रका गर्भवती महिलाहरुले अब आफ्नै गाउँघरको बर्थिङ सेन्टर सुत्केरी गराउन पाउने भएका छन्। यसअघि घण्टौं यात्रापश्चात वडा १ को वरभञ्ज्याङसम्म पुग्नुपर्ने बाध्यता हटेको छ।

गाउँपालिकाले प्रत्येक वडामा बर्थिङ सेन्टर सञ्चालन गरी सेवा प्रवाह गर्ने लक्ष्यका साथ २ नम्बर वडामा प्रसुती केन्द्र सञ्चालन सुरु गरिएको हो। गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बर्थिङ सेन्टर को उद्घाटन गर्दै प्रत्येक वडामा आधारभूत स्वास्थ्य केन्द्र भइसकेको अवस्था छ, अब हामीले दुईवटा वडामा मात्रै बर्थिङ सेन्टर सञ्चालन गर्न बाँकी रहेको बताए। बच्चा र आमाको स्वास्थ्य सुरक्षा होस् भन्ने हेतुले होम डेलिभरीको अन्त्य गर्न यस केन्द्र निर्माण गरी सञ्चालनमा ल्याएका हौं, उनले भने। सुत्केरी बेथा लागेपछि कि डाडाँघर्क कि त पालुङ लाने गरिन्छ त कि त भने मनहरी, हेटौंडा लाने अवस्था छ, जोखिम मोलेर त्यहाँसम्म जानुपर्ने बाध्यतालाई अन्त्य गर्न नै यस केन्द्रको निर्माण भएको अध्यक्ष मुक्तानले जानकारी गराए।

शिशु मृत्युदर र मातृ मृत्युदर कम गर्न आमा र शिशुको स्वास्थ्यको सुरक्षाको लाभ लिन कैलाश बैकुण्ठ मात्रै नभइ छिमेकी गाउँपालिकाले पनि सक्ने उनले बताए। राज्यले एउटा मापदण्ड दिएको छ। सोही अनुरुप कैलाश गाउँपालिकाले स्वास्थ्यका क्षेत्रमा धेरै कार्यक्रमहरु गर्दै आइरहेको छ। निशुल्क औषधि प्रदान, पोषण कार्यक्रम, खोप कार्यक्रम लगायत धेरै कार्यक्रमहरु गर्दै आइरहेको उनले बताए।

वडा २ का वडा अध्यक्ष राजेन्द्र घिसिङको अध्यक्षतामा भएको कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख तिलक प्रसाद गौतम, वडा सदस्य-द्वय फूलमाया सुनार र सूर्यबहादुर स्याङ्तान, जग्गादाता ललितबहादुर मुक्तान, बैकुण्ठ आधारभूत स्वास्थ्य सेवा केन्द्रका प्रमुख विश्वनाथ सिंह लगायतको आतिथ्यता रहेको थियो।

गाउँपालिकाले १० लाख लागतमा २ कोठे भवन निर्माण गरेको हो। बर्थिङ सेन्टर सञ्चालनका लागि सम्पूर्ण सामाग्रीहरु र भौतिक संरचना पूर्ण रहेको वडाध्यक्ष राजेन्द्र घिसिङले बताए। उनले मातृशिशु मृत्युदर घटाउनकै लागि प्रसुती केन्द्र निर्माण गरिएको बताए। सुत्केरी घरमा होइन, अब स्वास्थ्य संस्थामै गराउनुपर्छ, वडाध्यक्ष घिसिङले भने। घण्टौं हिडेर जानुपर्ने बाध्यता सहज बन्दै गएको उनले बताए। जग्गादाता ललितबहादुर मुक्तानले करिब तीन रोपनी जग्गा दान गरेपछि भवन निर्माणपश्चात सेन्टर निर्माण भएको हो।

सरकारको अड्डान :

लिपुलेक कालापानी र लिम्पियाधुरा नेपाली भूमि नै हो

सन्देश संवाददाता

वीरगञ्ज/सरकारका प्रवक्ता तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले लिपुलेक, कालापानी र लिम्पियाधुरा नेपालको भू-भाग भएकोमा सरकारको अडान यथावत् रहेको बताएका छन्।

मन्त्रिपरिषद्को बैठकपछि सोमबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै प्रवक्ता पोखरेलले सीमा विवादित क्षेत्र नेपालको भएकोमा सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेको स्पष्ट पारे। उनले परराष्ट्र मन्त्रालयले यसअघि नै कूटनीतिक नोट जारी गरिसकेको र दुवै छिमेकी देशसँग संवाद तथा सहकार्यबाट समाधान खोज्ने बताए।

"सरकारको तर्फबाट परराष्ट्र मन्त्रालयले आफ्नो नोट जारी गरिसकेको छ। भारत सरकारले पनि सहकार्यबाटै यसको निकास निकाल्नु पर्छ," प्रवक्ता पोखरेलको भनाइ छ, "सीमा विवाद भइरहेको भू-भाग नेपालको हो भन्नेमा सरकार पूर्ण प्रतिबद्ध छ। बाँकी दुई देशका सरकारबिच सहकार्य र संवादबाट हुने कुरा हो।"

भारतले हालै लिपुलेक पास हुँदै कैलाश मानसरोवर यात्रा पुनः सञ्चालन गर्ने घोषणा गरेको सन्दर्भमा यो प्रतिक्रिया आएको हो। भारतले सन् २०२६ को जुनदेखि अगस्टसम्म उक्त यात्रा सञ्चालन गर्ने व्यवस्था सार्वजनिक गरेको थियो।

यसअघि परराष्ट्र मन्त्रालयले भारत र चीन दुवैलाई उक्त क्षेत्रमा कुनै पनि गतिविधि नगर्न आग्रह गर्दै कूटनीतिक नोट पठाएको थियो। भारतले भने पुरानै मार्गको प्रयोग भएको दाबी गरेको छ।

सरकारले लिपुलेक क्षेत्रलाई नेपाली भूमि ठहर गर्दै आफ्नो भू-अधिकारप्रति स्पष्ट रहेको जनाएको छ। प्रवक्ता पोखरेलले सीमा समस्याको समाधान कूटनीतिक माध्यमबाटै खोजिने बताएका छन्। यो विषयलाई लिएर नेपाल-भारतबिच कूटनीतिक संवादको आवश्यकता रहेको विश्लेषकहरूको भनाइ छ।

मधेस प्रदेशमा लागुऔषधविरुद्ध 'महाअभियान'

नियन्त्रणसँगै पुनर्स्थापनामा जोड

वीरगञ्ज/मधेस प्रदेशमा पछिल्ला वर्षहरूमा गम्भीर सामाजिक समस्याका रूपमा देखिँदै आएको लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि प्रदेश प्रहरीले विशेष अभियान सुरु गरेको छ।

भारतसँगको खुला सीमाका कारण लागुऔषध भित्रिने क्रम बढ्दै गएपछि यसको असर विशेषगरी युवापुस्तामा देखिन थालेको भन्दै प्रहरी प्रशासनले 'लागुऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान २०८३' सञ्चालनमा ल्याएको हो।

प्रदेश प्रहरीका सूचना अधिकारी कमल थापाका अनुसार अभियानको उद्देश्य लागुऔषध सेवनकर्तालाई पकाउ गर्नु मात्र नभई उनीहरूको पहिचान गरी सुधार केन्द्रसम्म पुऱ्याउने र समाजमा पुनःस्थापित गर्ने रहेको छ। उनका अनुसार लागुऔषध समस्या कानुनी मात्र नभई सामाजिक र मानसिक चुनौतीका रूपमा विस्तार हुँदै गएको छ।

प्रदेश प्रहरी प्रमुख डीआइजी गोविन्द थपलियाले अभियानलाई प्रभावकारी बनाउन आठै जिल्लाका प्रहरी प्रमुखलाई निर्देशन दिएका छन्। उनले परम्परागत नियन्त्रण शैलीले मात्र समस्या समाधान नहुने भन्दै पहिचान, निगरानी, नियन्त्रण र सुधारलाई एकसाथ अघि बढाइने बताए। "लागुऔषध सेवनकर्तालाई सुधार गरी समाजमा फर्काउनु हाम्रो मुख्य लक्ष्य हो," उनले भने। महोत्तरी, धनुषा, सलाही, सिराहा र पर्सा लगायत सीमावर्ती जिल्लामा लागुऔषधको समस्या बढ्दै देखिएको प्रहरीको निष्कर्ष छ। भारतसँगको खुला सीमा र अनाधिकृत नाकामार्फत् लागुऔषध भित्रिने क्रम जारी रहेको बताइएको छ।

महोत्तरीका प्रहरी नायब उपरीक्षक शैलेन्द्रकुमार भट्टका अनुसार विद्यालय र कलेज उमेर का किशोरकिशोरीहरू बढी प्रभावित भएका छन्। सीमामा ड्रग टेस्टिङ चेकपोइन्ट स्थापना गर्ने तयारी भइरहेको र शंकास्पद व्यक्तिको परीक्षण गर्ने योजना रहेको उनले बताए।

धनुषाका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले भारतीय सुरक्षा निकायसँग सूचना आदानप्रदान र संयुक्त निगरानी बढाइएको जानकारी दिए। सीमापार तस्करी नियन्त्रणका लागि सहकार्य अपरिहार्य रहेको उनको भनाइ छ।

तर स्थानीय तहका अनुसार सरकारी प्रयास मात्र पर्याप्त छैन। पिपरा गाउँपालिकाका रुदल झा र धनुषाकी भुली देवीले सुधार केन्द्रको खर्च र पहुँच अभावका कारण परिवार थप संकटमा परेको गुनासो गरेका छन्। उनीहरूले निःशुल्क उपचार र पुनर्स्थापनाको व्यवस्था गर्न सरकारसँग माग गरेका छन्।

स्थानीय तहले विद्यालयस्तरमै सचेतना कार्यक्रम सुरु गरेका छन् भने युवाहरूलाई लक्षित गरी लागुऔषधको असरबारे जानकारी दिने अभियान पनि चलाइएको छ। मनोविज्ञ डा. रोबिन कुमार झाका अनुसार यो समस्या समाधानका लागि प्रहरी, स्थानीय तह, परिवार र मानसिक स्वास्थ्य सेवाबीच समन्वय आवश्यक छ। यसैबीच मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले लागुऔषध नियन्त्रणका लागि सीमामा कडाइ, सचेतना कार्यक्रम र सुधार केन्द्र विस्तार गर्ने योजना अघि सारिएको बताए।

गोल्छालाई धरौटीमा छाड्न सर्वोच्चको परमादेश

अघिल्लो दुई पटक थप म्याद खारेज

सन्देश संवाददाता

काठमाडौं/सर्वोच्च अदालतले व्यवसायी शेखर गोल्छालाई धरौटीमा छाड्न आदेश दिएको छ। उनले धरौटी वा जमानत राख्न नसके मात्रै हिरासतमा राखेर अनुसन्धान गर्न सर्वोच्चले परमादेश जारी गरेको हो।

सोमबार न्यायाधीशहरू महेश शर्मा पौडेल र श्रीकान्त पौडेलको संयुक्त इजलासले धरौटी वा जमानत लिएर आवश्यक अनुसन्धान गर्न सक्ने व्यवस्था रहेको भन्दै परमादेश जारी गरेको सर्वोच्च अदालतका प्रवक्ता एवं सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाले जानकारी दिए।

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०४ (१) अनुसार 'कसुर ठहरिने मुद्दाको तहकिकात गर्दा, यस ऐन वमोजिमको कसुरको आरोपमा कारवाही चलाइएको व्यक्ति फरार भई बेपत्ता हुन सक्छ भनी सम्भन्नु पर्ने कुनै मनासिव कारण भएमा वा विगो हानि नोक्सानी भएको देखिएमा यस ऐन वमोजिमको मुद्दामा अनुसन्धान गर्ने अधिकारीले आवश्यक धरौटी वा जेथा जमानत माग्न र त्यस्तो धरौटी वा जमानत नदिएमा निजलाई थुनामा राख्न सक्नेछ' भन्ने व्यवस्था गरेको छ।

यो व्यवस्था अनुसार अनुसन्धान गर्ने अधिकारीले गोल्छासँग धरौटी वा जमानत नमागी अनुसन्धानका लागि हिरासतमा राख्न अनुमति लिएको सर्वोच्चले जनाएको छ। त्यसकारण वैशाख ११ गते र वैशाख २९ गते काठमाडौं जिल्ला अदालत बाट हिरासतमा राख्न लिइएको म्याद अनुमतिसमेत खारेज गरेको छ। अब गोल्छालाई धरौटी वा जमानत दिन नसकेमा मात्रै हिरासतमा राखेर अनुसन्धान गर्न परमादेश जारी भएको हो। 'अब धितोपत्रसम्बन्धि कसुरको हकमा धरौटी वा जमानत माग गरी उल्लिखित दफा १०४ को कानुनी व्यवस्थाअनुसार आवश्यक अनुसन्धान गर्न र धरौटी वा जमानत दिन नसकेमा मात्र हिरासतमा राखी अनुसन्धान गर्न परमादेश जारी गरिदिएको छ,' सर्वोच्च भनेको छ।

धितोपत्रसम्बन्धी ऐनको दफा १०४ को कानुनी व्यवस्थाअनुसार नै परमादेश जारी भइसकेको हुँदा बन्दी प्रत्यक्षीकरणको रिट भने खारेज भएको छ। यस्तै बिमा ऐन, २०७९ को कसुरको पकाउ पुर्जी जारी गर्ने अनुमति प्रदान भएको र त्यस सम्बन्धी कुनै जिकिर नरहेको बताउँदै सर्वोच्च त्यस विषयमा प्रवेश गरेको छैन।

'बिमा ऐन, २०७९ को कसुरका सम्बन्धमा हिरासतमा राख्ने अनुमति प्रदान गरी हिरासतमा राखेको नदेखिई अनुसन्धान गर्न सक्नेछ।

ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।

सदाझै यहांहरुको माया र सदभाव पाईरहने आशासमेत गरेका छौं।

चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले इच्छुक खरिदकर्ताले सिधै सम्पर्क राख्नुहोला।

सम्पर्क :

९८४५०३१७८६, ९८२११४००२२

आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिब २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुका घडेरी बिक्रीमा छ। इच्छुक खरिदकर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।

सम्पर्क नम्बर : ९८४५१२३३६६

प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-१ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने